मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily





वर्ष १ | अंक १०० | २०७९ साल फाल्गुन ५ गते शुक्रबार | Friday 17, Feb. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

# मधेशको योजना बैंक अलपत्र

## ३० वटा निजीसँग साझेदारीमा र २८ वटा सरकार आफैले गर्ने प्रस्ताव

*आयोगका निर्वतमान उपाध्यक्ष भोगेन्द्र झा २०८२ सम्मको रणनीति तयार गरिएको भएपनि कोभिड समस्याले सबै बर्वाद भएको र सोचे अनुरुपको लक्ष्य हासिल हुन सकेको बताउँछन् । ग्रोथरेट १० प्रतिसत बढी लक्ष्य राखिए थियो जुन ४ प्रतिसत हाराहारी हुने देखिदैछ ।*

प्रमोद साह
जनकपुरधाम, ३ माघ । प्रदेशको विकास तथा समृद्धिका लागि नीति तथा योजना आयोगले तयार गरेर सरकारलाई बुझाएको योजना बैंक अलपत्र परेको छ । आयोगले सरकारले आफै तथा सरकार र निजी साझेदारी(पिपिपि) मा काम गर्ने भनी दुई खण्डमा गरी ५८ वटा योजनामा काम गर्ने लक्ष्य सहितको योजना बैंक तयार पारेको छ । योजना बैंक अर्न्तगत सरकारले आफै संचालन गर्ने २८ वटा र निजीसँगको साझेदारीमा गर्ने ३० वटा योजना प्रस्ताव गरेको थियो । योजना बैंक तयार गरेर सरकारलाई बुझाएको एक वर्ष बितिसक्दा पनि कार्यान्वयनमा आएको देखिएको छैन ।




निजी साझेदारीमा गर्ने भनिएका एउटा पनि योजनामा सरकारले काम गरेको देखिदैन ।
ती योजनाहरु अधिकतम ६ वर्षदेखि १५ वर्षभित्र सम्पन्न गर्ने भनेपनि एउटा पनि योजना कार्यान्वयनका लागि पहल कतैबाट भएको देखिदैन ।सरकारले आफै गर्ने भनिएका २८ वटा योजना मध्ये १२ वटा योजनामा काम शुरु भइसकेको योजना बैंकमा उल्लेख छ तर ती योजनाहरु योजना बैंक आउनु अघिदेखि नै संचालनमा थिए ।
बैंकमा समावेश गरिएका योजनाहरु सम्पन्न गर्न खर्बौ रुपैया लाग्नसक्ने भएकाले प्रदेशको वित्तिय हैसियतभन्दा बढीको लक्ष्य लिएको कारण कार्यान्वयनमा चुनौतीपूर्ण हुने जानकारहरु बताउँछन । योजना बैंकले आर्थिक समृद्धि र विकासका लागि तयार पारेको मार्गचित्र सहितको योजनामा आयश्रोतको सुनिश्चिता, कहिलदेखि कार्यान्वयन गर्ने तथा कुन निकायले गर्ने भन्ने स्पष्ट उल्लेख नगरिएको सरकरी अधिकारीहरु बताउँछन् ।
योजनाहरुको कार्यान्वयनका लागि प्रदेशस्थित मन्त्रालयहरुसंग समन्वय तथा सहकार्य गरेपनि विभिन्न समयमा भएको सरकार परिवर्तनको झमेलाले परियोजनाहरुको कार्यान्वयनमा समस्या आएको सरकार पक्षको दाबी छ । निर्माण गरिएका योजना बैंकमा उल्लेख ५८ वटा योजना मध्ये अहिलेसम्म १५ वटा परियोजनाको पुर्ण सम्भाव्यता अध्यनसहितको प्रतिवेदन तयार गरिएको योजना आयोगका पुर्व उपाध्यक्ष भोगेन्द्र झाको भनाई छ ।
झाका अनुसार प्रदेशले सोचे अनुरुप लक्ष्य हासिल गर्ननसक्न, सरकारमा रहेकाहरुको अनुभवको कमी र राजनीतिक खिचातानी मुल कारण हुन । प्रक्षेपण गरिए अनुरुप प्रगती हुन नसक्नुमा अनुभवहिनता, संरचना विहिन हुनु र सुसंगठीत हुननसक्नु तथा संरचनागत त्रुटिका कारण प्रदेशले सोचे अनुरुपको अहिलेसम्म प्रगति हासिल गर्न नसकेको झाको भनाई छ ।
प्रदेशको विकासका लागि अहिले आफ्नै नेतृत्वमा र इकोनमीक पोलेसी इनक्युवेटोरको सहयोगमा प्रदेशमा ५८ वटा दिर्घकालीन योजनाहरु तयार पारिएको हो । जुन निजी तथा सरकारको साझेदारी र सरकार स्वामित्वमा हुनेगरि दुई किसिमका योजना बैंकमा छन । योजना बैंक नाम दिइएको विस्तृत प्रतिवेदनमा योजनाको प्रकृती, स्थापना गर्न सकिने स्थान, उत्पादन वा सेवाको विवरण, लागत, निर्माण र संचालन अवधी लगायतका विवरणहरु छन् । लगानीकर्तालाई सहज हुनेगरी विवरण राखिएको भएपनि सरकारले चासो लिएको देखिदैन ।
सरकार आफैले संचालन गर्न योजना सम्बन्धमा गत वर्ष देखिनै कृषि, उद्योग, पूर्वाधार, स्वास्थ, शिक्षा र वैकल्पीक उर्जालाई प्राथमिकतामा राखेको छ । तर, निजी क्षेत्रसँग साझेदारीम गर्ने भनिएका योजनाहरुबारे केही गरिएको छैन । त्यस्ता परियोजनामा हाइवे रिफ्रेसमेन्ट सेन्टर निमार्ण देखि लिएर प्रदेशका आठवटै जिल्लामा सोलिड वेस्ट मेनेजेन्ट निमार्ण, चार ठाउमा सोलार प्रोजेक्ट, संघ सरकारको रामायण सर्किट जस्तै मधेशमा मिथिला सर्किटको निर्माण लगायत छन् ।
प्रदेश योजना आयोगका निर्वतमान उपाध्यक्ष भोगेन्द्र झाका अनुसार प्रदेशको विकासका लागि वि.स. २०८२ सम्मको रणनीति तयार गरिएपनि कोभिडको समस्याले सबै बरबाद भएको र सोचे अनुरुपको लक्ष्य हासिल हुन सकेको छैन । ग्रोथ रेट १० प्रतिसत भन्दा पनि बढी लक्ष्य राखिएपनि वर्तमानमा ४ प्रतिसत भन्दा कम रहेको बताउँदै झा भन्छन् ' मधेश प्रदेश लक्ष्यको नजिकसम्म पनि पुग्न नसक्ने देखिन्छ ।'
प्रदेशले सोचे अनुरुप फड्को मार्न नसक्नुमा केहिहदसम्म संघ जिम्मेदवार रहेको वताउँदै झा भन्छन् 'मुख्यमन्त्रीले एउटा हवलदारलाई पनि सरुवा गर्न नसक्ने अवस्थामा प्रदेश सरकारसँग नागरिकले राखेका अपेक्षा पुरा कसरी हुन्छन ?'
यता योजना आयोगले तयार पारेको कुल ५८ वटा योजना मध्ये अहिले १५ वटा परियोजना कार्यान्वयनमा आएको आयोगका प्रशासन प्रमुख प्रशान्त कुमार मिश्रको दाबी छ । मिश्रका अनुसार कार्यान्वयनमा आएकाहरु अधिकांस सडकसँग सम्बन्धित छन ।
प्रत्येक ६४ निर्वाचन क्षेत्रमा ५ किलोमीटर सडक कालोपत्र निर्माण, मधेश शहीद मार्ग, प्रादेशिक सिँचाइ

*- बाँकी पृष्ठ ६ मा*

# तोडियो सहनीको अनशन

## डेढ वर्ष भित्रमा पुल बनाउने सहमति

*चैतसम्ममा पुल निर्माणको बोलपत्र प्रकाशन गर्ने र आउँदो अशोज कात्तिकदेखि काम थालेर डेढ वर्ष भित्र पुल निर्माण सम्पन्न गर्ने प्रतिवद्धतामा हस्ताक्षर गरेपछि नेता नेपालले जुस खुवाएर अनसन तोडाएका हुन्*



मधेशदृष्टि
गौर, ४ फागुन ।
विगत चार दिनदेखि पुल निर्माणको माग राख्दै आमरण अनशनमा बसेका सञ्जय सहनीलाई बिहिवार नेकपा एकिकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले जुस खुवाएर अनशन तोडाएका छन् । सडक विभागको टोलीले आउँदो डेढ वर्षमा पुल निमार्ण गर्ने लिखित सहमति जनाएपछि पुर्व प्रधानमन्त्री समेत रहेका नेपालले अनशनकर्ता सहनीलाई जुस खुवाएर अनशन तोड्न लगाएका हुन् ।
गौर नगरपालिका ४ स्थित लालबकैया नदीमा गौर र इशनाथ नगरपालिका जोड्ने पक्की पुलको ठेक्का सकार गरी विगत ९ वर्ष देखि काम अलपत्र छाडेको भन्दै तत्काल निमार्ण गर्ने माग राख्दै सहनी अनशनमा बसेका थिए । अनशनकर्ता सहनीको स्वास्थ्य अवस्था बिग्रदै गएपछि .संघीय सडक विभागको टोली सहित पुर्वप्रधानमन्त्री नेपाल अनशन स्थलमा पुगेका थिए । नेपाल सोही क्षेत्रबाट प्रतिनिधिसभामा निर्वाचित भएका हुन ।
संघीय सडक विभागका प्रमुख डा. विजय जय सिंहले निमार्ण व्यवसायीलाई कारबाही प्रकृया अघि बढाउने तथा पुन ठेक्का लगाएर आउँदो डेढ वर्ष भित्र पुलको निमार्ण कार्य सम्पन्न गर्ने प्रतिबद्धता जनाएपछि आन्दोलन स्थगित भएको थियो । चैत्र महिना भित्र टेण्डर लगाएर जेठ महिना भित्र आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्ने प्रमुख सिंहले बताए ।
असारमा वर्षायाम सुरु हुने भएको र कुनै पनि निमार्ण व्यवसायीले काम गर्ने अवस्था नहुने औल्याउँदै सिंहले असोज कात्तिक देखि निमार्ण काम सुरु गरेर आउँदो आर्थिक वर्षको अन्त्यसम्म निमार्ण कार्य सम्पन्न हुने प्रतिबद्धता जनाएका छन ।
पुल महाशाखाका प्रमुख उमेश विन्दु श्रेष्ठले चैत्र महिना भित्रसम्ममा कार्यालयको आवश्यक सम्पूर्ण प्रकृया पुरा गरी टेण्डर आह्वान गरेर ठेक्का लगाईसक्ने दाबी गरे । गुणस्तरहीन निमार्ण भएको स्थानमा पुन तोडेर नयाँ निमार्ण गर्ने तथा अलपत्र अवस्थामा छाडेर फरार भएका निमार्ण व्यवसायीलाई कडा कारबाही गरी जरिवाना असुल उपर गर्ने चेतावनी श्रेष्ठले दिए ।
अनशनकर्ता सहनीले चालु आर्थिक वर्ष भित्रै निमार्ण कार्य सम्पन्न हुनुपर्ने माँग राखेपनि टोलीले यो सम्भव नभएको जिकिर गरेका थिए । हामीलाई डेढ वर्षको समय दिनुस पुल महाशाखाका प्रमुख श्रेष्ठले भने हामीले कडा निगरानीकाबीचमा गुणस्तरीय काम गर्ने प्रतिबद्धता जनाए । अनशनकर्ता र विभागको टोलीबीच लिखित सहमती भएपछि रौतहट क्षेत्र नम्बर एकका प्रतिनिधी सभा सदस्य तथा पुर्व प्रधानमन्त्री नेपालले सहनीलाई जुस खुवाएर अनशन तोड्न लगाएका थिए । जुस खाएर अनशन तोडेका अनशनकर्ता सहनीले लिखित सहमति अनुसार समय सीमा भित्र कार्य सम्पन्न नभए आत्मदाह गर्ने चेतावनी दिए । अनशन स्थलमा

*- बाँकी पृष्ठ ६ मा*

# भारतीय एम्बुलेन्स मालामाल, नेपालका बेकाम

*पर्सा रेडक्रससँग भएका तीनवटा एम्बुलेन्स मध्ये २ विग्रिएका छन, बाँकी एउटा सचालन गरेर डिजल खर्च र ड्राइभरको तलब समेत धान्न मुस्किल नपुग्ने*



मधेशदुष्टि
वीरगंज, फागुन ४ ।
भारतीय नम्बर प्लेटका बिरामी बोक्ने एम्बुलेन्स सेवा वीरगंजमा संचालनमा रहेकोले नेपाली एम्बुलेन्स सेवा प्रभावित भएको छ । नेपालका एम्बुलेन्सको तुलनामा भारतीय एम्बुलेन्सले सस्तोमा विरामी बोकिदिने भएकोले नेपाली एम्बुलेन्स मारमा परेका हुन् । भारतीय एम्बुलेन्सले भ्याईनभ्याई बिरामी बोकेर काठमाडौंसम्म आउँजाउँ गरिरहेका छन् । यता नेपाली एम्बुलेन्स काम नपाएर खर्च उठाउन समेत धौधौ परेको एक एम्बुलेन्स सञ्चालक संस्थाका पदाधिकारीले

*- बाँकी पृष्ठ ६ मा*



# खुल्ला क्षेत्रमा शौंच गर्दै आएको नगरपालिकालाई खुल्ला दिसामुक्त घोषणा

डम्बर राई
कञ्चनरुप, ४ फागुन

पाँच बर्ष अगाडि खुल्ला दिसामुक्त क्षेत्र घोषित भएका सप्तरीको कञ्चनरुप नगरपालिका कार्यालय परिसरकै दलित वस्तीमा शौचालय छैन ।

चन्द्रनहरको माडमा बस्दै आएका मरिक समुदाय खानुपिउनु भन्दा शौचका लागि अप्ठेरो भएको बताउछन् । पाँचबर्ष अघि महिला विकास कार्यालयले बनाइदिएका तीनवटा शौचालयमा नौ घर परिवारका ४१ सदस्य संख्याले संयुक्त शौच गर्दै आएका छन् । सरकारी तथा ऐलानी जग्गामा बसेका कारण तत्काल नगरपालिकाले वितरण गरेको शौचालय यिनिहरु मध्ये कसैलाई पनि दिइएन ।

वडा नम्बर ८ स्थित कञ्चनपुर हटियापूर्व तिनपुस्ता देखि बस्दै आएका सुकुम्वासी यि दलितलाई जग्गाधनी मोहम्मद फरीद मियाले सातबर्ष पहिला हटाएपछि वसोवासका लागि नहरको जग्गा विकल्प बनेन शत्रुघन मरीकले बताए । नगरहको डिलमुनी स–साना झुरुप्प परेका घरहरु अनि घरैको अगाडि छेवैमा सुंगुर पालेर बसेका बस्तीको नजिकै नगरपालिकाको कार्यालय छ ।

यहाँका दैनिह वातावरण नगरपालिकाका प्रमुख उपप्रमुख तथा कर्मचारीलाई थाहा हुन्छ तर त्यहाँसम्म पुगेर समस्या बुझ्ने गरिदैन रमेश मरीकले भने जतिबेला शौचालय बाड्यो त्यसबेला कार्यालयमै गएर हामीले अनुरोधका साथ माँग गर्यौं तर कुनै वास्ता नै गरेन ।

नगरपालिकाले यतिसम्म पक्षपात गरेकाछन् की गरीव दलितका नाममा आएका बाख्रा र १० हजार नगद रुपैयाँ हामीलाई दिइएन, मुसहरी टोलतिर पायो रे भन्ने सुनियो तर यहाँ छुट्टयाइयो उनले गुनासो गरे । यो अलिक पूरानो कुरा हो तर बर्तमान समयमा पनि हामीले धेरै पटक नगरपालिका धाइसक्यौं जुन जोगी आएपनि कानै चिरेको मरीकले बताए । यो बाहेक महिला तथा बालवालिकाको लागि सरकारद्वारा दिदै आएको सुविधा लगायत अन्य सीपजन्य कार्यक्रम एवं तालिममा हामी यहाँका डोम समुदायलाई सहभागिता गराउदैन मुनु मरीकले दुःखेसो पोखिन् ।

२०७३ सालमा खुल्ला दिसामुक्त नगरपालिका घोषणा भएको कञ्चनरुपमा पाँचसय पैतिस घर परिवारको शौचालय छैन । केहि दिन अगाडि खानेपानी उपभोक्ता समिति कञ्चनपुरले अनुगमन गर्दा १२ वटै वडाका घरगाउँमा दिगो व्यवस्थापन र नीजि प्रयोजनका शौचालय भेट्टाएनन् । पूरानै वसोवासी दयनिय अवस्थाका परिवारको अझै पनि शौचालय नै रहेनछ एडिविका कर्मचारीले बिहिवार मधेश दृष्टिलाई जानकारी गराएका छन् । खुल्ला दिसामुक्त घोषित पालिकाका धेरै घर परिवारका सदस्यहरु खुल्ला शौंच गर्दै आएको विवरण हामीले पायौ. र अब त्यस्ता परिवारलाई खानेपानी उपभोक्ता समितिले नै उपलब्ध गराउने योजना रहेको समितिका अध्यक्ष भुवन बहादुर केसीले बताए ।

त्यतिबेला महुली सामुदायिक विकास केन्द्र सप्तरीले नगरपालिकासंग सम्झौता गरेर खुल्ला दिसामुक्त क्षेत्र कार्यक्रम चलाएका थिए ।

गाउघरको सत्यतथ्य रेकर्ड तथा तथ्याङ्क उतार नगरी हतारमा केन्द्रले खुल्ला दिसामुक्त घोषणा गरेर नगरपालिकालाई आँखामा छारो लगायो त्यतिबेला नै हामीहरुले भनेका थियौ काम पूर्ण भएको छैन तर नगरपालिकाले केन्द्रलाई नै सहयोग गर्यो उनको टिप्पणी छ ।

# नगर प्रहरी राख्ने कार्यपालिकाबाट कार्यविधि पारित



घनश्याम बलम्पाकी
सर्लाही ४ फागुन । सर्लाहीको लालबन्दी नगरपालिकामा नगर प्रहरी राखिने भएको छ ।

नगर कार्यपालिका बैठकले नगर प्रहरी भर्नाका लागि नगरप्रहरी व्यवस्थापन कार्यविधि पारित गरेको प्रमुख प्रशासकीय अधिकृत तारानाथ लुईटेलले जानकारी दिए । छिट्टै सूचना निकालेर नगर प्रहरी भर्नाको प्रक्रिया अघि बढाइने गौतमले बताए ।

उनका अनुसार ३३ प्रतिसत महिला समेत रहने गरी ६ जना नगर प्रहरी रहने छन् । त्यसमा एक जना सहायक निरीक्षक (असई) र अन्य ५ जना जवान रहने छन् ।

नगरले गर्ने विभिन्न प्रकारका निर्णय कार्यान्वयनका लागि नगरको आफ्नै सुरक्षा बलको आवश्यकता ठानेर नगर प्रहरी राख्ने निर्णय गरिएको लालबन्दी नगरपालिकाका प्रवक्ता एवं वडा नं. १६ का वडाध्यक्ष गणेशबहादुर थापाले जानकारी दिए ।

सर्लाहीमा यसअघि हरिवन नगरपालिका, बरहथवा नगरपालिका, कौडेना गाउँपालिका लगायतका पालिकाले नगर तथा गाउँ प्रहरी राखिसकेका छन् ।

# विकासका लागि प्रतिबद्ध : मेयर मण्डल



धेशदृष्टि , महोत्तरी, ४ माघ । मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मंडलले खेलकुद र शिक्षाको विकासका लागि पालिका प्रतिबद्ध रहेको जनाएको छ । मटिहानी नगरपालिकाको मटिहानी रंगशालामा आज देखि सुरु भएको अन्तर बिद्यालय स्तरीय राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिताको उद्घघाटन गर्दै उनले खेलकुदले बिद्यार्थीको आत्मबल बढाउनुको साथै देशका लागि कर्णधार युवा तयार गर्न सहयोग पुग्ने बताए ।

मटिहानी वडानम्बर ७ का वड़ा अध्यक्ष जितनारायण माझी सभापतित्वमा सम्पन्न कार्यक्रममा लो.स.पा. नेपालको केन्द्रीय सदस्य राम कुमार शर्मा ने.का.का. उपेन्द्र चौधरी,स्वास्थ्य शाखा प्रमुख पवन कुमार मंडल रा.स.मा.वि. मटिहानीका प्र.अ. ईश्वरी पौडेल लगायतका वक्ताहरुले आफ्नो मंतव्य व्यक्त गरेका थिए।

दुई दिन सम्म चल्ने प्रतियोगितामा पालिकाका ५(पाँच) वटा सहभागी रहेका छन । प्रतियोगितामा भलीबल,कब्बडी, दौड़ ,हाइ जम्प ला'न्ग जम्प गरी जम्मा २३ किसिमको खेल खेलाइने कुराको जानकारी शिक्षा शाखा प्रमुख चन्देश्वर साहले बताए । उक्त समुद्धाटन कार्यक्रममा मटिहानी नगरपालिकाका क्रमशः वड़ा नं. २,३,४,५,६,७ र ८ का वड़ा अध्यक्षहरु,कार्यपालिका सदस्यहरु ,वड़ा सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत चन्द्रशेखर शर्मा, स्वास्थ्य शाखा प्रमुख पवन कुमार मण्डल, पालिकाका सम्पूर्ण शाखा प्रमुखहरू , बिभिन्न विद्यालयका प्र.अ.हरू , शिक्षक शिक्षिका लगायत बिद्यार्थीहरुको सहभागिता रहेको थियो ।

# स्ववियू निर्वाचनको कार्यतालिका सार्वजनिक

मधेशदृष्टि , जनकपुरधाम, ४ फागुन । स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनको कार्यतालिका त्रिभुवन विश्वविद्यालयले सार्वजनिक गरेको छ । त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले आज यहाँ आयोजित पत्रकार सम्मेलनमा स्ववियु निर्वाचन कार्यतालिका सार्वजनिक गरेका हुन् ।

कार्यतालिका अनुसार समानुपातिक र प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता फागुन २७ गतेलाई तोकिएको छ । विगत १४ वर्षदेखि नियमित हुन नसकेको स्ववियु निर्वाचन त्रिवि कार्यकारी परिषद्ले गत पुस २२ गते आगामी चैत ५ गते गर्ने निर्णय गरेको छ । यस्तै कार्यतालिकाअनुसार मतदान चैत ५ गते बिहान ८ बजेदेखि दिउँसो ४ बजेसम्म तोकिएको बताए ।

त्यस्तै यही फागुन १९ गते विद्यार्थी सङ्घ/सङ्गठन दर्ता, फागुन २१ गते मतदाता सूची प्रकाशन, फागुन २५ गते मतदाता सूचीमा दाबी-विरोध तोकिएको छ । यस्तै फागुन २६ गते उम्मेदवारको मनोनयनपत्र वितरण, फागुन २७ गते बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म समानुपातिक तथा प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता तोकिएको छ । यस्तै कार्यतालिकामा फागुन २८ गते बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म उम्मेदवारको नामावलीमाथि दाबी-विरोध र फागुन २८ गते साँझ ५ बजे उम्मेदवारको अन्तिम नामावली प्रकाशनको समय तोकिएको छ । स्ववियु निर्वाचनको कार्यतालिका प्रकाशनपछि क्याम्पसको वार्षिक प्रणालीअन्तर्गतका स्नातक प्रथम वर्षको विद्यार्थी भर्ना बन्द गरिएको छ । निर्देशनालयका निर्देशक अधिकारीले स्ववियु निर्वाचनको प्रचार-प्रसार फागुन २९ गतेदेखि चैत २ गते राति १२ बजेसम्म समय तोकिएको छ । त्रिविमा २८ वर्ष उमेरहद र मिश्रित निर्वाचन प्रणालीमा निर्वाचन गर्न लागिएको हो । निर्वाचनमा विसं २०५१ चैत १८ गते जन्ममिति र सोभन्दा पछि जन्मेका विद्यार्थी उम्मेदवार हुन पाउनेछन् । निर्वाचनका लागि त्रिविले माघ २२ गते नै स्ववियु निर्वाचनसम्बन्धी निर्देशिका पारित गरेको छ । स्ववियुको अध्यक्ष, सचिव र कोषाध्यक्ष तथा ५० प्रतिशत सदस्य प्रत्यक्ष निर्वाचन प्रणाली र उपाध्यक्ष र सहायक सचिव तथा ५० प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट चयन हुनेछन् । स्ववियु कार्यसमिति दुई सय विद्यार्थी बराबर ११ सदस्यीय कार्यसमिति, दुई सय एकदेखि एक हजारसम्म विद्यार्थी भए १३ जनाको कार्यसमिति, एक हजार एकदेखि तीन हजारसम्म भए १९ जनाको र तीन हजार एकदेखि पाँच हजारसम्म २१ सदस्यीय कार्यसमिति हुने उल्लेख गरिएको छ ।

निर्वाचन देशभरिका त्रिविमा ६२ आङ्गिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पसमा निर्वाचन हुँदैछ । त्रिविमा स्ववियु निर्वाचन विसं २०१८/१९ देखि प्रत्यक्ष प्रणालीमा हुँदै आएको थियो । विसं २०३० सम्म प्रत्येक वर्ष स्ववियु निर्वाचन हुँदै आएकामा विसं २०३६ देखि प्रत्येक दुई-दुई वर्षमा निर्वाचन हुँदै आएको थियो । त्रिविमा विसं २०७३ देखि मिश्रित निर्वाचन प्रणालीमा स्ववियु निर्वाचन भएको थियो । विसं २०७३ मा उपत्यकामा नौ र उपत्यका बाहिर १७ क्याम्पसमा निर्वाचन भएको थियो । प्रत्येक दुई-दुई वर्षमा हुने स्ववियु निर्वाचन त्रिविमा विगत एक दशकदेखि हुनसकेको छैन । प्रत्येक दुई-दुई वर्षमा हुने निर्वाचन २०६५ सालयता नियमित हुनसकेको छैन । विसं २०६५ चैत ६ गतेपछि एकैपटक आठ वर्षमा २०७३ चैत १५ गते स्ववियु निर्वाचन भएको थियो ।

# २० फरार प्रतिवादी पक्राउ



मधेशदृष्टि
जनकपुरधाम, ४ फागुन । धनुषा प्रहरीले एकै दिनमा विभिन्न मुद्दाका २० जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ ।

बिहीबार बिहान जिल्ला प्रहरी कार्यालय तथा मातहतको कार्यालयबाट खटिएको प्रहरी टोलीले विभिन्न मुद्दामा फरार रहेका २० जना प्रतिवादीलाई पक्राउ गरेको हो ।

पक्राउ परेकाहरुलाई आवश्यक कारवाहीका लागि धनुषा जिल्ला अदालतमा उपस्थिति गराइएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक बेद प्रकाश गौतमले जानकारी दिएका छन् । अधिकांश फरार प्रतिवादीहरु कुटपिट मुद्दाका रहेको उनले बताए ।

# व्यक्तिगत इर्ष्याले वडाध्यक्षले सिफारिसमा केरमेट गरेको आरोप



मधेशदृष्टि
जनकपुरधाम, ४ फागुन । व्यक्तिगत इर्ष्यामा वडा अध्यक्षले नागरिकता प्रमाण पत्र प्रतिलिपिको सिफारिस गर्न नमानेको आरोप लगाइएको छ ।

धनुषाको क्षिरेश्वरनाथ नगरपालिका वडा नम्बर ९ का वडाध्यक्ष अवधकिशोर यादवले आफ्नो भाईसँग लिएको ऋणको रकम चुक्ता नगरेको भनी आफ्नो नागरिक प्रमाण पत्र प्रतिलिपिका लागि सिफारिस गर्न नमानेको आरोप स्थानीय इच्छापुरका हरिचन पण्डितले आरोप लगाएका छन् ।

उनले भने कुनै समयमा आफूले वडाध्यक्षका भाई योगी यादवसँग ६० रुपैया ऋण लिएको थियो । ऋण लिएको ६ महिना भित्रै २२ हजार रुपैया चुक्ता गरिदियौं । त्यसको एक वर्षभित्र आफूलाई घरमा बोलाएर बाँधेर १ लाख ७० हजार रुपैया लियो । त्यसयता कहिले पनि सो ऋण बारे चर्चा गरेनन् ।

केही दिनअघि मोटरसाइकल नामसारीका लागि गाउँबाट जनकपुरधाम आई रहेका आफ्नो नागरिकता हराएपछि सो नागरिकताको प्रतिलिपिका लागि सिफारिस गराउन जाँदा वडाध्यक्ष अवधकिशोरले हस्ताक्षर गरेर कागज आफ्नो गोजीमा राखि हाले । किन गोजीमा राख्नु भो दिनु प्रतिलिपि लिन सिडिओ कार्यालयमा जानुछ भन्दा मेरो भाईसँग लिएको ऋण पहिला चुक्ता गर अनि दिन्छु भनेर दिएन ।

पछि हार गुहार गरेपछि हस्ताक्षर गरिएका ठाउँमा केरमेट गरिदिएको गुनासो उनले सुनाए । उनले भने आफू र आफ्ना श्रीमतिले हार गुहार गरेपछि ऊक्त पत्र निकालेर हस्ताक्षर गरेको कागजात ऊपर नै रातो कलमले केरमेट गरेर हाम्रो अगाड़ी फालिदियो ।' वडाध्यक्षले ६० हजारको ८ लाख रुपैयाको माग दाबी गर्दै नबुझाएसम्म सिफारिश नगरिदिने भन्दै धम्की दिदै आईरहेको पण्डितको आरोप छ ।

यता वड़ाध्यक्ष यादवले भने सिफारिश लिन आउँदा आफुलाई गालीगलौज गरेकाले आफुले हस्ताक्षर गरेको कागजात केरमेट गरेको प्रतिक्रिया दिएका छन् । उनले भने म जनताको प्रतिनिधि हूँ र उनीहरुकै सेवाका लागि बसेको छु तर मैले हस्ताक्षर गरिसकेपछि मलाई नै उल्टो गालीगलौज गर्न थाले, त्यसैले मैले कागजातमाथि केरमेट गरीदिए ।' वडाध्यक्ष यादवले सेवाग्राही पण्डितले आफुसँग माफी नमागेसम्म सिफारिश नगर्ने समेत बताए । के कति कारणले गाली गलौज गरेको बारे उनले केही बताएन ।

## ☎☎ महत्वपूर्ण टेलिफोन नम्बरहरु ☎☎

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१, | ५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरतीः | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँभझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
हिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् । आर्थिक कारोबारमा सफलता पाइएला । लाभदायक यात्रा होला ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज राजनैतिक र सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । कलासाहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
शरीरमा स्फूर्ति र उमङ्गको कमी आउनेछ । मालसामान हराउन सक्छ । ससाना समस्यामा अल्झनुपर्नेछ, तर साँझमा आर्थिक लाभ मिल्न सक्छ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ । रमणीय र सुखद् यात्राको योग छ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । घरमा अतिथिको आगमन पनि हुन सक्छ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
ाज शुभारम्भको चर्चा चल्नेछ । सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ । नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । भ्रमणको योग पनि छ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हात पार्न नसकिएला । सहकर्मीबाट विरोध आउला । नियमित खर्चसमेत बढ्ने योग पनि छ ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज नयाँ र शुभकार्यको चर्चा चल्नेछ । पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ । रमाइलो यात्राको सम्भावना पनि रहेको छ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज भाग्यले विभिन्न अवसर जुराउनेछ । घरमा अतिथिको आगमन हुनेछ । महत्त्वपूर्ण कामको थालनी हुनेछ, साँझमा भने चिन्ता बढ्नसक्छ ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । रोकिएको धन हात पर्ला । न्यायिक कार्यमा सफलता मिल्नेछ । व्यापारमा मनग्ये धनलाभ हुनेछ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आज समय मध्यम खालको छ । आफूले ठीक मानेर गरेको काममा आफैलाई सन्तुष्टि मिल्ने छैन । सोचेजतिका कामहरूमा विघ्नबाधा आउनसक्छ ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
ठीक समयमा सही निर्णय लिन सकिनेछ । वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ । व्यापार व्यवसायमा सफलता मिल्नेछ । लाभदायक यात्रा पनि हुनेछ ।

# मधेशमा भुक्तानीको विषयमा उच्चस्तरिय संसदीय समिति गठन

मधेशदृष्टि
वीरगंज,४ फागुन।
मधेश सरकारले गत आर्थिक वर्षको विभिन्न योजनामा भुक्तानी दिन बाँकी एक अर्ब भन्दा बढी रकमका विषयमा छानबिन गर्न उच्चस्तरीय संसदीय समिति गठन गरिएको छ।

बिहीबार बसेको प्रदेशसभा बैठकले उपसभामुख बबिताकुमारी राउतको नेतृत्वमा १८ सदस्यीय उच्चस्तरीय छानबिन संसदीय समिति गठन गरेको हो।



समितिमा प्रदेशसभा सदस्यहरु कनिष पटेल, रत्नेश्वर गोइत यादव, श्यामप्रसाद पटेल, सुनिलकुमार यादव, बच्चा राउत अहिर, राजकुमार गुप्ता, मो. समीर, हरिनारायण महतो, चन्दनकुमार सिंह, शम्भुकुमार साह, जयलुन राइन, रानीकुमारी तिवारी, उर्मिलादेवी सिंह, कञ्चन विच्छा, विमला अन्सारी, अनिरुद्रकुमार सिंह र प्रमोदकुमार जयसवाल रहेका छन्।

प्रदेश सरकारका अर्थमन्त्री सञ्जयकुमार यादवले बैठकमा उच्चस्तरीय छानबिन समिति गठन गर्न प्रस्ताव गरेको थियो। प्रस्ताव सर्वसम्मत पारित भएको हो।

समितिले सभामुख रामचन्द्र मण्डलको निर्देशनमा आफ्नो कार्यविधि आफैंले निर्माण गर्ने र भुक्तानी समस्या समाधान गर्ने मन्त्री यादवले बताए।

गठित समितिको अवधि कार्य प्रारम्भ भएको मितिले ३० दिनको हुनेछ। भुक्तानी बाँकी रहेका योजनाहरुको स्थलगत निरीक्षण र नापजाँच गर्ने, सरोकारवाला निकायसँग कागजात माग्ने, सरकारको पदाधिकारीहरुसँग बयान लिने लगायतको काम गरेर भुक्तानी गर्ने मन्त्री यादवको भनाइ छ। प्रदेश सरकारको विभिन्न निकायमा २०७८/०७९ मा उपभोक्ता समिति तथा टेन्डरमा भएको कामको एक अर्ब भन्दा बढी भुक्तानी बाँकी छ।

# निजगढद्धारा नदीजन्य पदार्थ उत्खननको दोस्रो पटक बोलपत्र आह्वान

मधेशदृष्टि
वीरगंज,४ फागुन।
चालू आर्थिक वर्षको लागि आह्वान गरेको नदीजन्य पदार्थ उत्खनन, संकलन र बिक्रीको ठेक्का लाग्न नसकेपछि निजगढ नगरपालिकाले दोस्रो पटकको लागि फेरि बोलपत्र आह्वान गरेको छ।

यसअघि पुष २४ गते ३० दिनको समयसीमा राखेर इ-बिडिङ्गमार्फत आह्वान भएको ठेक्काको निर्धारित मितिभित्र कसैले पनि बोलकबोल नगरेपछि नगरपालिकालो विहिवारको मितिबाट लागू हुने गरी दोस्रो पटकको लागि १५ दिने सार्वजनिक सूचना निकालेको हो। आर्थिक वर्ष ०७९/०८० को लागि नगरपालिकाले बकैया, धन्सार, शक्ति र लाल खोलाबाट १ करोड ५६ लाख १४ हजार घनफिट गिटी, बालुवा र ढुङ्ग उत्खनन, संकलन तथा बिक्री गर्नको लागि न्यूनतम १२ करोड ४९ लाखमा ठेक्का आह्वान गरेको थियो।



दोस्रो पटकको लागि पनि सोही परिमाणको लागि सोही दररेटमा ठेक्का सकार गर्न बोलपत्र आह्वान गरिएको कार्यालयका सूचना अधिकारी रविन घिमिरेले जानकारी दिए।

उनले विहिवारबाट लागूहुने गरी दोस्रो पटक बोलपत्र आह्वान गरिएको र यसमा पनि ठेक्का नलागे ७ दिनको म्याद राखेर फेरि तेस्रो पटक अर्को बोलपत्र आह्वान गरिने बताए।

नदीजन्य पदार्थ उत्खनन विरुद्ध उच्च अदालत वीरगन्जले जारी गरेको निषेधाज्ञाका कारण यो वर्ष समयमै ठेक्का लगाउन नसकेको निजगढ नगरपालिकाले अदालतले रिट निवेदन खारेज गरेपछि टेण्डर आह्वान गरेको थियो।

तर गृहमन्त्रालयमार्फत नदीजन्य पदार्थ उत्खनन र क्रसर उद्योग संचालनमा गत महिना केही समय रोक लगाइएको र देशमा देखिएको आर्थिक मन्दीका कारण निजगढ नगरपालिकको नदीजन्य पदार्थ उत्खननको ठेक्का प्रभावित बनेको हो।

# रात्री सांस्कृतिक तथा खाना मेलाको आयोजना हुने

मधेशदृष्टि
वीरगंज,४ फागुन।
वीरगञ्जमा रात्री सांस्कृतिक तथा खाना मेला हुने भएको छ। वीरगञ्ज कलेजले दसौँ स्थापना दिवसको अवसरमा वीरगञ्ज महानगरपालिकाको सहयोगमा यही फागुन १२ र १३ गते रात्री सांस्कृतिक तथा खाना मेलाको आयोजना गर्न लागेको हो।



आगामी शुक्रवार र शनिवार बेलुका ३ बजेदेखि राति १० बजेसम्म घण्टाघर नजिकैको बी.पी उद्यान फुटपाथमा रात्री सांस्कृतिक तथा खाना मेला हुने वीरगञ्ज कलेजका अध्यक्ष डा. दिपेन्द्र चौधरीले जानकारी दिएका छन। डा. चौधरीका अनुसार विद्यार्थीहरुमा सिक्दै कमाउँदैको अवधारणा विकास गर्न, वीरगञ्ज महानगरपालिकाको रात्री बजारको अवधारणालाई साकार पार्न एवम् बारा पर्साको लोक संस्कृति तथा परम्परागत खानाको प्रबर्द्धन गर्ने अभिप्रायले मेलाको आयोजना गरिएको हो।

मुख्य प्रायोजक वीरगञ्ज महानगरपालिकासँगै कलेजको अतिरिक्त क्रियाकलाप कोष एवम् प्रायोजक तथा सहप्रायोजकहरुबाट प्राप्त भएको आर्थिक सहयोगबाट मेला सम्पन्न हुने कलेजका प्रधानाध्यापक बिनोद गुप्ताले जानकारी दिए। प्रधानाध्यापक गुप्ताका अनुसार मेलामा कम्तीमा २५ वटा स्टल राखिनेछ। जसको जिम्मेवारी कलेजकै विद्यार्थीहरुको समूहलाई प्रदान गरिनेछ। स्टलहरुमा राखिएका विभिन्न परिकारका खाना विक्री वितरणबाट प्राप्त भएको आय विद्यार्थीहरुको नै हुने र त्यसबापत कलेजले कुनै पनि किसिमको शुल्क नलिने गुप्ताले बताए। मेलामा निःशुल्क रुपमा प्रवेश गर्न पाइने पनि कलेजले जनाएको छ।






# बोध दिवसमा तीन नव जोडीहरुको सामुहिक रमैणी विवाह

मधेशदृष्टि
जनकपुरधाम,४ फागुन। धनुषाको मिथिला न.पा.- २, बेलाचापी स्थित सतलोक आश्रम धनुषामा पूर्णब्रह्म कबीर उपासक समाज नेपालको आयोजनामा सन्त रामपालको ३६ औं बोध दिवस उत्साहका साथ अविष्मरणीय रुपमा मनाईंदैछ।

दिवसको उपलक्ष्यमा बुधबार शुरु भएको अमरग्रन्थ साहेबको तीन दिवसीय अखंड पाठ र विशाल भण्डाराको दोस्रो दिन बिहिबार दोब्बर संख्यामा श्रद्धालुहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा विहिवार सशस्त्र प्रहरीका डि.आई.जी गणेश ठाडा मगर,मधेस प्रदेशका सांसद हरिनारायण महतो लगायत विभिन्न विशिष्ट व्यक्तिहरुको उपस्थिती रहेको थियो भने अझ पनि अतिथिहरुको आउने क्रम बढदो रहेको छ। कार्यक्रममा



अतिथिहरुले त्यहाँका सबै व्यवस्था र संरचनाहरुको अवलोकनका साथै भण्डारा प्रसाद ग्रहण गरेका थिए।

उक्त कार्यक्रममा आपसी सद्भाव तथा प्रेमका साथ सबैले निःस्वार्थ सेवा गरेको देखेर उपस्थित अतिथिहरु प्रभावित भएका थिए।सन १९८८ फरवरी १७ तारिख फाल्गुन औंशीको रात्रिमासन्त रामपालजी महाराजले परम सन्त रामदेवानंदजी संग दीक्षा प्राप्त गर्नुभएको उपदेश दिवस (दीक्षा दिवस) को स्मृतिमा उहाँको बोध दिवस मनाइएको हो। सन्त गरिब दासजीको अमृतवाणीको अखण्ड पाठ तथा भण्डाराको आज दोस्रो दिन भक्तजनहरु बाट ४१ युनिट रक्तदान तथा ३ नव जोडीहरुको दाइजो तथा आडंबर रहित रमैणी विवाह पनि गराइएको छ।

नेपाल, भारत, सीक्कीम, भुटान,आदी विभिन्न ठाउँहरुबाट हजारौंको संख्यामा श्रद्धालुहरु सहभागी भएका छन्। शुद्ध घ्युमा बनेका लड्डु,जेरी,हलुवा प्रसाद आदी सबै सेवा सुविधाहरु सर्व आगन्तुकका लागि निःशुल्क रुपमा नै व्यवस्था गरिएको छ।

कार्यक्रममा आउने सर्व अतिथिका लागि परम सन्त रामपालजी महाराज द्वारा लिखित ज्ञान गंगा, गीता तिम्रो ज्ञान अमृत,जीउने मार्ग जस्ता पुस्तकहरुको सेवा पनि कार्यक्रममा गरिएको छ। फाल्गुन ५ गते यस कार्यक्रमको समापन हुने दिन रहेको छ।

# सौफी रक्सी सहित ३ जना पक्राउ



आरके श्रीवास्तव
रौतहट,४ फागुन। रौतहटमा सौफी रक्सी सहित ३ जना मानिस पक्राउ परेका छन्। बुधवार साँझ ५ बजेको समयमा जिल्ला प्रहरी कार्यालय रौतहटवाट खटिएको प्रहरी गस्ती टोलीले पक्राउ गरेको हो।

जिल्लाको गौर नगरपालिका वडा नम्बर ४ दालमिल स्थित मोहन अग्रवालको बगैचामा रहेको खाली जग्गामा पुग्दा डिएल४सिएनबि -०६१६ नम्बरको स्कारपियो गाडी रोकी सौफी रक्सी लोड गरीरहेको अवस्थामा भारत विहार राज्य जिल्ला मोतिहारी ग्राम पचपकडी वडा नम्बर १३ वस्ने वर्ष ४५ को नरेश महतो, सोही ठाउँ वस्ने वर्ष २४ को ओम प्रकाश कुमार र ग्राम पंचायत कसवाकपुर पकरी वडा नं. १६ बस्ने वर्ष २५ को एमडी सलमान समेतलाई नियन्त्रणमा लिईएको छ। अन्दाजी मुल्य रु.चौध हजार दुई सय पचास वरावरको ५७० वोतल सौफी रक्सी र अन्दाजी मुल्य रु.नौ लाख वरावरको १ वटा स्कारपियो गाडी समेत गरी जम्मा अन्दाजी मुल्य रु.नौ लाख चौध हजार दुई सय पचास वरावर सौफी रक्सी र स्कारपियो रित पुर्वक बरामद गरी ३ तिनै जनालाई आवश्यक कारवाहीको लागि गौर भन्सार कार्यालय बुझाईएको प्रहरीले जनाएको छ।

# जिपी फाउण्डेशन पर्साको संयोजकमा गुप्ता

मधेशदृष्टि
वीरगंज,४ फागुन।
गिरिजा प्रसाद (जिपी) कोइराला फाउण्डेशन पर्साको संयोजकमा धिरज कुमार गुप्ता चयन भएका छन। नेपाली कांग्रेसका युवा नेता गुप्तालाई , फाउण्डेशनकी केन्द्रिय अध्यक्ष सुजाता कोइरालाले फाउण्डेशन पर्साको संयोजकमा चयन गरेका हुन।

गुप्तालाई २ वर्षका लागि फाउण्डेशन पर्साको संयोजकमा मनोनित गरिएको केन्द्रिय अध्यक्ष कोइरालाले बताएकि छन्। वीरगन्ज निवासी गुप्ता , विभिन्न सामाजिक कार्यमा पनि सृकय रहदै आएका छन्। केन्द्रिय अध्यक्ष कोइरालाले पर्सा संयोजकमा मनोनित गरेको पत्र गुप्तालाई हस्तान्तरण गर्दै फाउण्डेशनका मधेस प्रदेश संयोजक तथा कांग्रेसका क्षेत्रीय सभापति महम्मद शाहबुद्धिनले फाउण्डेशनको बिधान बमोजिमको उदेश्यहरु प्राप्ति गर्न गुप्ताको कार्यकालको सफलताको शुभकामनाका साथै बधाई समेत दिए।

शाहबुद्धिन , यसअघि फाउण्डेशन पर्साको अध्यक्ष थिए। उनि फाउण्डेशन मधेस प्रदेशको अध्यक्ष भएपछि पर्सा संयोजकमा गुप्तालाई मनोनित गरिएको हो।

# चुरेक्षेत्रमा चितुवाले स्थानिय त्रसित



घनश्याम बलम्पाकी
सर्लाही, ४ फागुन।
जिल्लाको ईश्वरपुर नगरपालिका-१२,घारिबथानको चुरेभेगमा केही दिनदेखि चितुवाले खोरमै आएर बाख्रा मार्न थालेपछि स्थानीय किसान आतंकित बनेका छन्।

घारिबथानस्थित चुरेजंगलका बस्तिहरु गुइडुङ, अड्डी, छ्याङछ्याङ्गेलगायत क्षेत्रमा खोरमा पसेर चितुवाले बाख्रा मार्न थालेपछि स्थानीय त्रसित भएका हुन्। गुइडुङका स्थानीय लालबहादुर थिङका अनुसार एक्कासी देखा परेको एउटा चितुवाले एक साताभित्रमा १० वटा बाख्रा मारेर खाइसकेको छ। चितुवाले आफूसहित लालबहादुर घलान, पूर्णबहादुर थिङ, वुद्धिमान स्याङतान, विष्णु योञ्जन, पूर्णबहादुर थिङ र दयामाया थिङको बाख्रा मारिसकेको लालबहादुरले जानकारी दिए।

चितुवा देखा परेको घारिबथानका यि चुरेबस्ती उत्तरतर्फ सिन्धुलीसँग र पूर्वतर्फ महोत्तरीसँग सीमा जोडिएको क्षेत्र हो। बाख्रापाठा पालेर जीविकोपार्जन गर्ने चुरेको विकट बस्तीमा प्रत्येक रात चितुवा आएर बाख्रा मार्न थालेपछि मानिसलाई समेत आक्रमण गर्ने हो की, भन्ने त्रास रहेको गुइडुङका अर्का स्थानीय वीरबहादुर थिङले बताएको छ।

रातिको समयमा खोरखोर चहार्दै हिँड्ने चितुवालाई स्थानीयले हो-हल्ला गरेर भगाउने गरेका छन्। ईश्वरपुर नगरपालिका-१२, घारिबथानका वडाध्यक्ष देविबहादुर खत्रीले चितुवाले बाख्रा मार्न थालेको भनी स्थानीयले आफूलाई पनि फोनबाट जानकारी गराएका जानकारी दिए। चितुवा देखिएको क्षेत्रमा पुग्न चुरेको फेदीबाट डेढदेखि दुई घण्टासम्म उकालो डाँडा चढेर जानुपर्ने उनले बताए। यही चितुवाले केही समयअघि गुइडुङदेखि पश्चिमतर्फ पर्ने लालबन्दी नगरपालिका-१५ शीरकालिञ्जोर क्षेत्रमा पनि आतंक मच्चाएको थियो। चुरेभेगमै पर्ने लालबन्दी नगरपालिका-१४, नारायण खोलामा पनि बर्सेनिजसो चितुवा आएर बाख्रा मार्ने गरेको स्थानीयले बताएका छन्।

### सम्पादकीय

## सभामुखको गरिमा

मधेश प्रदेशसभामा सांसदहरुको खाता कुन बैंकमा खोल्ने भन्ने विवादले उग्ररुप लियो । संसद अधिवेशन सुरु भएको दोश्रो दिन सभामुख रामचन्द्र मण्डलले एउटा बैंकका प्रतिनिधिहरुलाई आफ्नो च्याम्बरमा स्वागत गरेका थिए । उता अर्को बैंकका प्रतिनिधिहरुलाई गेटबाटै भित्र पस्न नदिएपछि विवाद भएको हो । खाता खोल्ने विषयको विवाद सभामुख मण्डल र कांग्रेस सांसदहरुबीच भएको देखिन्छ। कांग्रेस सांसदले उनीहरुले खाता खोल्न चाहेको नेपाल इन्भेष्टमेण्ट मेगा बैंक(एनआइएमबि)का प्रतिनिधिहरुलाई आफ्नो संसदीय दलमा बोलाएका थिए। तर, सभामुखको आदेशमा सुरक्षाकर्मीले उनीहरुलाई प्रवेश दिएनन्।

प्रहरी सहितका मर्यादापालकहरुले बिहान ११ बजेदेखि २ बजे सभा संचालन नभएसम्म बैंक प्रतिनिधिलाई भित्र छिर्न नदिएपछि कांग्रेसका प्रदेशसभा सदस्यहरूले प्रदेशसभाको मूल गेटमा धर्ना दिएका थिए । पटकपटक आग्रह गर्दापनि सुरक्षाकर्मीले माथिको आदेश छ भनेर मानेनन् । प्रदेशसभाको खाता शुरूदेखि नै एनएमबी बैंकमा थियो। अहिलेका मुख्यमन्त्री सरोजकुमार यादव जो पहिला सभामुख थिए उनको पालामा एनएमबि बैंकमा खाता खोलिएको हो । तर, नयाँ सभामुख रामचन्द्र भण्डलले भैरहेको बैंक छोडेर अन्य बैंकमा खाता खोल्ने योजना बनाएपछि समस्या पेचिलो बनेको देखिन्छ । सांसदहरुका अनुसार मण्डलले एभरेष्ट बैंकमा खाता खोल्ने प्रक्रिया अगाडि बढाएका थिए र सांसदहरुको मोबाइलमा त्यससम्बन्धी मेसेज पनि आइसकेको थियो ।सभामुखले एभरेष्ट बैंक रोजेर सांसदहरुलाई एक किसिमको उर्दी जारी गरेपछि सतहमा कांग्रेसका सांसदहरुले त्यसको विरोधमा एनआइएमबि बैंकमा खोल्ने निर्णय लिएको देखिन्छ । सतहमा कांग्रेसले चाहेको देखिए पनि भित्रभित्रै भने एमाले संसदीय दलका नेता एव भौतिक पूर्वाधार मन्त्री सरोजकुमार यादवको हात रहेको घटनाक्रमले स्पष्ट गर्दछन् ।

कायंग्रेसको लगातारको विरोधका बाबजुद एनआइएमबिका प्रतिनिधि भित्र प्रवेश गर्न नपाइरहेको अवस्थामा मन्त्री यादवले आफ्नो गाडी पठाएर उनीहरुलाई सभामुखको कार्यकक्षमा पुऱ्याएको जानकारहरुबाट बुझिन्छ। एभरेष्टमा खोल्ने योजना भएपनि सभामुख पहिला खोलेकै बैंक एनएमबिमा खाता खोल्नुपर्ने अवस्थामा आउनुका पछाडि मुख्मन्त्रीको सल्लाह हुनसक्छ। उनकै पालामा एनएमबिमा खोलिएको हो र अहिले दोहोऱ्याएर आएकाहरु पनि त्यही खाता चलाउन चाहन्थे । तर, एमाले संसदीय दलका नेता सरोज यादवले भित्रभित्रै त्यो निर्णयको खिलाफमा थिए।

लामो समयको वादविवाद, संसद अवरोध र गेटमा धर्ना पछि जसले जहाँ चाहन्छ त्यहीँ खाता खोल्नसक्ने सहमतिमा समस्याको पटाक्षेप भएको हो । विवादकै क्रममा सभामुख मण्डलले कांग्रेसलाई इंगित गर्दै कसैले बम लिएर आएमा त्यसलाई कसरी छिर्न दिने अभिव्यक्ति दिएपछि कांग्रेस सभा सदस्यहरूले सदन भित्र सभामुख जस्ता जिम्मेवार व्यक्तिले अराजक अभिव्यक्ति दिनु गलत रहेको भन्दै हाउस भित्रै विरोध जनाएका थिए । घटनाक्रमहरुबाट बैंक खाता कुन बैंकमा खोल्ने भन्ने विषयमा खास गरेर तिनवटा पक्षको आआफ्नो स्वार्स्थले खेलेको देखिन्छ । सभामुखको एभरेष्टमा खोल्ने सोच, मुख्यमन्त्रीको भैरहेकै बैंकमा नयाँ सदस्यको खोल्न सकिने सल्लाह र सबै भन्दा कुटिल एमाले संसदीय दलका नेता एवं मन्त्री सरोजको भूमिका । उनी कांग्रेसलाई अगाडि सारेर सभामुखलाई दबाव दिने र एनआइएमबिमा खाता खोल्ने योजनामा रहेको देखिन्छ।

सभामुख भनेको संसदको मोनिटर हो । सभा संचालन गर्ने प्रमुख भूमिका हुन्छ सभामुखको। प्रतिपक्षि र सरकारबीच एक किसिमको दुरी रहिरहन्छ जहिले पनि । तर सभामुखले भने संसदमा सत्ताधारी भन्दा प्रतिपक्षको विश्वास जित्नसक्नुपर्दछ । पैसासँग जोडिएका मामलाले विवाद ल्याउँने हुन्छ नै । तर सभामुखले सदनको विश्वास लिएर कदम चाल्नुपर्नेमा थियो, उनी त्यसमा चुकेका छन् । उनले अधिनायकवादी शैलीमा निषेधको राजनीति अख्तियार गरेका छन्, त्यो भने राम्रो होइन । कसैको पक्ष लिएर अर्कोलाई निशेष गर्न सभामुख जस्तो ओहदामा बसेको व्यक्तिलाई सुहाउँदैन । सायद, हिजोको माओवादी मिलिसियाको ह्याङ्गओभर सकिएको छैन सभामुखको दिलदिमागबाट । पदीय जिम्मेवारी निर्वाह गर्दा पार्टीका लगाम र नेताका निर्देशनबाट टाढा बस्नसक्नुपर्दछ ।संसदको गरिमा कायम रहनसक्यो भने मात्र संसद फलदायी हुन्छ । संसदको गरिमामा सभममुखको गरिमा अर्न्तनिहित हुन्छ ।सदन संचालन गर्दा सभामुख संवेदनशील हुनैपर्दछ, बलियो प्रतिपक्षी र विभिन्न स्वार्थहरु जोडिएको सत्ताधारीलाई समन्वयगर्न संयम र विवेक आवश्यक हुन्छ।

# मधेशको ड्राइभिङ्ग फोर्स कृषि, जनशक्ति र पूर्वाधार



– प्राद्यापक डा. सुरेन्द लाभ

*हामीकहाँ श्रोत साधन छैन भन्ने मानसिकताले घर गरेको छ। निश्चय पनि फालाफाल नहोला। तर, जति छ, त्यसको पनि प्रयोग भएको छैन। हामीकहाँ भएको श्रोत खर्च गर्ने तौरतरिकामा कमजोरी छन्। पूँजीगत खर्च हुनसक्यो भने अहिले पनि धेरै काम गर्न सकिन्छ। जति बजेट छ सबै भन्दा पहिलो त्यसको सदुपयोग गरौं। अहिलेसम्म हामी के देख्दैछौं भने तीनवटा सरकारबीच समन्वयको अभाव छ। एउटै काम तीनवटा तहबाट भैरहेका छन् समानान्तर। कुनै पनि सरकारसँग प्लानिङ्ग छैन। अनुगमनको पाटो अत्यन्त फितलो छ। हामी यथास्थितिवादी हौं। कुनै खालको रिस्क नलिने। ठूलाठूला गफ गर्ने काम नगर्ने हाम्रो संस्कार बनेको छ।*

कुनै पनि देश, प्रदेश र स्थानीयतह वा क्षेत्रहरुको विकास र आर्थिक प्रगतीका प्रमुख पक्षहरु (ड्राइभिङ्ग फ्याक्टर ) हुन्छन्। त्यस्ता फ्याक्टरहरु एउटै देशको पनि क्षेत्र अनुसार फरक फरक हुनसक्छ । नेपालको सन्दर्भमा हिमाल, पहाड र तराईको विकासका फ्याक्टर भिन्न भिन्न हुनसक्छन् । हरेक क्षेत्रको फरक फरक हुन्छ त्यस्तो फ्याक्टर।

मधेश प्रदेशमा आठ जिल्ला छन्, ति आठ जिल्लाको फरक फरक फ्याक्टर हुनसक्छ । प्रदेश भित्रका यि जिल्लाहरुलाई सामुहिक रुपमा लिन सकिए पनि विविधता देखिन्छ। प्रदेशको सबै भन्दा पूर्वमा रहेको सप्तरीको कुरा गर्दा, त्यहाँ उद्योगधन्दाको ठूलो संभावना देखिदैंन। नेपालकै पुरानो सिंचाई प्रणाली छ त्यहाँ । उर्वरभूमिमा राम्रो सिंचाईको प्रबन्ध गर्न सकियो भने कृषि सप्तरीको विशेषता हो । त्यस्तै अवस्था सिरहाको हो । त्यहाँ पनि कृषिलाईनै प्राथमिकता दिनसकिन्छ । सिंचाईको राम्रो पूर्वाधार बनाएर किसानलाई कृषिमा प्रोत्साहिन गर्न आवश्यक छ। सप्तरी र सिरहामा।

अब धनुषामा आइपुग्दा अलिकति फरक छ । जानकी मन्दिर, अन्य मठ मन्दिर, पोखरीहरुका कारण पर्यटकीय महत्व छ भनिन्छ । धार्मिक हिसावले आउँनेहरु जो गंगासागरमा स्नान गर्दछन्, जानकी मन्दिर, राम मन्दिर तथा अन्य मन्दिर हरुमा फूल चढाउँछन् ति पर्यटक हुन त ? मेरो विचारमा ति पर्यटक होइनन्। ति त तिर्थालु हुन् । उनीहरुको बसाई लामो हुँदैन, एक दुई दिन हुन्छ। धेरै खर्च पनि गर्दैनन् । पर्यटक भनेका अलिक लामो सयम बस्ने, राम्रोसँग विदेशी पैसा खर्च गर्नेलाई भन्न मिल्दछ।

तिर्थयात्री र पर्यटकमा फरक छुट्याउन आवश्यक छ। यहाँको को पनि कि फ्याक्टर प्रमुख रुपमा कृषिनै हो । तर, धनुषामा विशेष गरेर जनकपुरधाम क्षेत्रमा धेरै पोखरी छन् । ति पोखरीको उपयोग गर्न सकिन्छ । पोखरीहरुबाट माछा उत्पादन गर्न सकियो भने त्यसको उपयोग हुने हो। यहाँ माछा खाने चलन प्रशस्त चलेको छ । स्थानीय मागका साथसाथ अन्यत्र पनि माछा पठाउन सकिन्छ ।सास्कृतिक मूल्यसँग मिल्ने गरी उत्पादन गर्यो भने त्यसले मूल्य पाउँछ । जनकपुरमा त्रान्त्रिक सस्कृती छ । र, यहाँको समाज र सस्कृतीसँग माछा जोडिएको छ। भारतको बंगाल, मिथिला र काठमाडौंसम्म माछाको सस्कृती घनिभूत देखिन्छ।

महोत्तरी पनि कृषिमै आधारित जिल्ला हो । सप्तरीदेखी महोत्तरीसम्मको कि ड्राइभर कृषि हो । त्यो भन्दा पश्चिम सर्लाही मधेशका अन्य जिल्ला भन्दा फरक छ। म त नेपालको पंजाव भन्दछु सर्लाहीलाई । उत्पादकत्व पनि राम्रो छ , किसान पनि खुसि देखिन्छन् ।कृषिको बोलबाला रौतहटसम्म छ। बारा र पर्साको कुरा बेग्लै छ । त्यहाँ कृषिको संभावना पनि छ। त्यो भन्दा धेरै औधोगिक बेश बनेका छन् यि जिल्लामा।

रातारात औधोगिकीकरण संभव छैन । हामीसँग कृषिको प्रचुर संभावना भएकोले कृषिजन्य उद्यम हुनसक्छ । कृषिमा आधारित अर्थतन्त्रलाई बलियो बनाउनुपर्दछ । यसका लागि सबैभन्दा पहिला चाहिने कुरा भनेको भरपर्दो सिंचाईको व्यवस्था हो । कृषिमा हाम्रो पद्धति बद्लिएको छैन। पुरानै ढर्रा छ। २, ३ वटा बालि लगाउने गरी परिवर्तन भएको छैन। कृषिबाट किसानहरु बिमुख भैरहेका छन् । उनीहरुलाई कृषिमा आकर्षिक गर्ने, कृषि पेशा सम्मानित पेशा हो भन्ने अवस्थामा पुऱ्याउने काम बाँकी छन्। अहिले पनि कृषि उपजले मूल्य पाइरहेको छैन । कृषि उपजको बजारीकरणका समस्या छन् । कृषिमा जमिनको स्वामित्वको विषय पेचिलो छ। बेलाबेलामा जमिनको हकबन्दीका हल्ला चल्दछन्। अहिले पनि के देखिन्छ भने ८,१० बिगहा जमिन हुनेहरु पनि आतंकित बनेका छन् । कहिले के हुने हो भन्ने चिन्ता छ उनीहरुमा । त्यस्ता किसानले आफूले खेती गरिरहेका छैनन्, अरुलाई गर्न दिएका पनि छैनन्। बाँझो जमिन राख्न पाइदैन भन्ने नीति लिनुपर्दछ । जमिनको सदुपयोग होस, जग्गाबालाको स्वामित्व पनि कायम रहने खालका नीति आवश्यक छ । यहाँ राज्यको योगदान हुनुपर्दछ।

> “उदाहरणमा सोइजन, ओल र कागतीलाई लिन सकिन्छ ।यि उत्पादनको राम्रो बजार छ र मूल्य पनि राम्रो पाइन्छ । कतिपय अवस्थामा सोइजन सय रुपैया पाउँ किनिरहेका हुन्छन् मानिस । त्यस्तै ४, ५ मूल्य किलोमा बिकिरहेको हुन्छ ओल । मानिसले स्वादको मूल्य तिर्छन , किसानले त्यतातिर ध्यान दिनुपर्यो ।

खेती गर्ने प्रवृतिमा परिवर्तन आवश्यक छ । खेती गर्दा अहिले बजारलाई ध्यानमा राखेर गर्नुपर्दछ । सानो उदाहरणमा सोइजन, ओल र कागतीलाई लिन सकिन्छ ।यि उत्पादनको राम्रो बजार छ र मूल्य पनि राम्रो पाइन्छ। कतिपय अवस्थामा सोइजन सय रुपैया पाउँ किनिरहेका हुन्छन् मानिस । त्यस्तै ४, ५ मूल्य किलोमा बिकिरहेको हुन्छ ओल। मानिसले स्वादको मूल्य तिर्छन , किसानले त्यतातिर ध्यान दिनुपर्यो।

कृषि पछिको अर्को ड्राइभिङ्ग फ्याक्टर भनेको रेमिटेन्स हो। ठूलो संख्यामा युवा विदेश कमाउन गएका छन् । उनीहरुले कमाएर पठाएको पैसा खानपिन लगायतका जीवनयापनमा खर्च भैरहेको छ । त्यो पैसालाई अन्यन्त्र लगानी गर्न सकियो भने त्यसले कामगर्ने थियो । सबै भन्दा बढी वैदेशिक रोजगारीमा जानेहरु मधेश प्रदेशबाट छन्। उदाहरणमा जनकपुर लियौं । धनुषाबाट बैदेशिक रोजगारीमा गएकाहरुमध्ये अधिकांशको सपना हुन्छ जनकपुरमा घर बनाउने, छोराछोरलाई अंग्रेजी पढाउने स्कुलमा राख्ने। जनकपुरको घडेरीको मूल्यवृद्धि र यहाँका स्कुलहरुको आम्दानीका पछाडि रेमिटेन्सलाई लिनसकिन्छ। रेमिटेन्सबाट आउँने पैसाले ठूलो काम त नहोला तर ससाना कुटिर उद्योग खोल्न सकिन्छ । घरमा बस्नेहरु सक्रिय हुन्छन् र उद्योग पनि चलेर केही कमाई हुनेहुन्छ।

रेमिटेन्ससँगै बहसमा आउने पक्ष भनेको मानव शक्ति । मधेशको जनसंख्यालाई मानव शक्तिमा रुपान्तरण गर्नसकियो भने त्यसले ठूलो काम गर्दछ। आर्थिक विकासको महत्वपूर्ण पाटो बन्नसक्दछ ।तर यसका लागि समाजलाई आवश्यक शिक्षाको व्यवस्था हुनुपर्यो। शिक्षा स्तरीय हुनआवश्यक छ । त्यस्तै सीपमुलक तालिमको पनि उत्तिकै जरुरी छ । यो काम व्यक्ति आफैले गर्ने होइन । यसमा तीनवटै तहका सरकारहरु संवेदनशील हुन आवश्यक छ । मानव शक्तिलाई कसरी उपयोग गर्ने प्लानिङ्ग चाहिन्छ , तीनवटै तहको। राज्यले प्लानिङ्ग गर्ने र शिक्षण संस्थाहरुले योजना अनुसारको जनशक्ति उत्पादन गर्नपर्ने हुन्छ।

> “मधेश प्रदेश विकास र आर्थिक प्रगती दुबै हिसावले संभावना भएको प्रदेश हो । विकासका ड्राइभिङ्ग फ्याक्टरहरुलाई ध्यानमा राखेर योजना बनाउने र कार्यान्वयन गर्ने कामलाई उच्च प्राथमिकता दियो भने यो प्रदेशलाई माथि उठ्न समय लाग्दैन ।
> ड्राइभिङ्ग फ्याक्टरहरुको अधिकतम उपयोग गर्ने काम भने सरकारको हो ।
> विशेष गरेर प्रदेश सरकारको ।

अर्को महत्वपुर्ण ड्राइभर भनेको भौतिक पूर्वाधार हो। मधेशको विकास र आर्थिक प्रगतीका लागि हुलाकी राजमार्गको निर्माण सम्पन्न भएर राम्रोसँग उपयोगमा आउनुपर्दछ । मधेशको लागि हुलाकी राजमार्ग बरदान सावित हुनसक्छ । भौतिक पूर्वाधारबाट टाढा रहेकोले मधेशको दक्षिण बेल्टमा धेरै पछौटेपन छ । बिजुली र बाटो जस्ता पूर्वाधार भयो भने मानिसले बजारसँग जोडिने प्रयास आफै गर्दछन् । बाटोसँगै बजार पुग्दछ । बजारमा किसानले आफ्ना उत्पादन बेच्ने र आवश्यक किन्ने गर्दछन् । अर्थतन्त्र चलायमान हुन्छ।

हामीकहाँ श्रोत साधन छैन भन्ने मानसिकताले घर गरेको छ । निश्चय पनि फालाफाल नहोला । तर, जति छ, त्यसको पनि प्रयोग भएको छैन। हामीकहाँ भएको श्रोत खर्च गर्ने तौरतरिकामा कमजोरी छन् । पूँजीगत खर्च हुनसक्यो भने अहिले पनि धेरै काम गर्न सकिन्छ। जति बजेट छ सबै भन्दा पहिलो त्यसको सदुपयोग गरौं।

अहिलेसम्म हामी के देख्दैछौं भने तीनवटा सरकारबीच समन्वयको अभाव छ। एउटै काम तीनवटा तहबाट भैरहेका छन् समानान्तर । कुनै पनि सरकारसँग प्लानिङ्ग छैन। अनुगमनको पाटो अत्यन्त फितलो छ। हामी यथास्थितिवादी हौं । कुनै खालको रिस्क नलिने । ठूलाठूला गफ गर्ने काम नगर्ने हाम्रो संस्कार बनेको छ।

संघीयताको कुरा गर्दा मधेश प्रदेशले संघीयताको स्वरुप पाएको छ। माग पनि मधेशकै हो। यसलाई संस्थागत गर्नेकाम पनि मधेशकै हो। मधेश प्रदेश सरकारले त उदाहरणीय काम गर्नुपर्दथ्यो। त्यो हुन सकेन । पैसा र पावरको पछि लागियो, अधिकारको दुरुपयोग भयो, जिम्मेवारी पुरा गरिएन।

मधेश प्रदेश विकास र आर्थिक प्रगती दुबै हिसावले संभावना भएको प्रदेश हो । विकासका ड्राइभिङ्ग फ्याक्टरहरुलाई ध्यानमा राखेर योजना बनाउने र कार्यान्वयन गर्ने कामलाई उच्च प्राथमिकता दियो भने यो प्रदेशलाई माथि उठ्न समय लाग्दैन। ड्राइभिङ्ग फ्याक्टर हरुको अधिकतम उपयोग गर्ने काम भने सरकारको हो । विशेष गरेर प्रदेश सरकारको।

(योजना आयोगका पूर्व सदस्य लाभसँग गरेको कुराकानीका आधारमा)

# तराई मधेशको अवस्था र विकासको सम्भावना



– श्रीमन नारायण

*देश सङ्घीयतामा गएपछि प्रादेशीक सरकारहरुले आफ्नो प्रदेशको समग्र विकासमा ध्यान केन्द्रित गर्ने अपेक्षा आमजनताको रहेको छ। सम्भावना र संसाधनले भरिएको तराईको विकासको निम्ति त्यहाँका स्थानीय निकाय र प्रदेश सरकारको अग्रणी भूमिका आवश्यक छ। दक्षिणी छिमेकी भारतको सिमावर्ती बिहार, उत्तरप्रदेश, सिक्किम, पश्चिम बंगाल र उत्तराखण्डको विकासबाट हाम्रा जनप्रतिनिधिहरुले शिक्षा लिनु आवश्यक छ।*

श्रीमननारायण

देश संघीयतामा गएको र निर्वाचित प्रादेशिक सरकारहरुको गठन भएको ५वर्ष बितिसक्दा पनि तराई मधेसको समुचित विकास हुनसकेको छैन । तराई मधेशको विकासका निम्ति प्रष्ट नीति, दुरदर्शिता तथा जनउपयोगी कार्यनीति आवश्यक छ। तराईमा आर्थिक विकासको सम्भावना यथेष्ट छ तर यसको निम्ति समपर्ण भाव, विकासप्रेम एवं इमान्दारिताको खाँचो छ। प्रादेशिक सरकारहरुले आ-आफ्नो प्रदेशका आर्थिक विकासको निम्ति आवश्यक पाइला चाल्नु आवश्यक छ।

तराईले नेपालको कुल जनसङ्ख्याको सत्र प्रतिशत भूभागमात्र ओगटेको छ । यद्यपि यसको जनसङ्ख्या देशको कुल जनसङ्ख्याको पचास प्रतिशत छ । जिडिपीको दृष्टिकोणले पनि यस क्षेत्रको योगदान दुईतिहाइको हाराहारीमा छ । देशको कुल कृषि उत्पादनमा पनि पचपन्न प्रतिशत योगदान तराई क्षेत्रकै हुने गर्दछ । औद्योगिक क्षेत्रमा समेत तराई-मधेसको योगदान अग्रणी नै छ तरपनि यस क्षेत्रको कृषि, उद्योग एवं पर्यटनको समुचित विकास हुन सकेको छैन। फलस्वरुप तराईको अर्थन्त्रको विकास पनि हुन सकेको छैन । देश संघीय संरचनामा गईसके पछि तथा प्रादेशीक सरकारको नेतृत्व पनि स्थानीय जनप्रतिनिधिहरु मार्फत नै हुने गरेका कारण यस क्षेत्रको द्रुतविकास हुने अपेक्षा गरिएको थियो तर त्यसो हुनसकेन। प्रादेशीक सरकारले अनावश्यक विवाद सृजना गर्नु भन्दा आफनो प्रदेशको आर्थिक विकासमा ध्यानदिनु उचित होला।

तराईवासीको आर्थिक आधार कृषि, पशुपालन, फलफूल खेती, माछापालन तथा केही सङ्ख्यामा जागिर तथा रेमिटयान्सबाट आएको रकमको योगदान छ । गाई, भैंसी, बाख्रापालन, घरेलु पशु तथा कुखुरा पालनबाट पनि यिनीहरुले आफ्नो आयमा बृद्धि गर्ने गर्दछन् । टोकरी, कलात्मक तथा आधुनिक फर्निचर, सुनचाँदीका गहना तथा हस्तशिल्प पनि तिनको आयका साधन हुन् । तराईमा अधिकांश कृषि, औद्योगिक तथा हस्तशिल्प उत्पादन स्थानीय हाट बजारमा बिक्रीहुने गर्दछ । तराईको अर्थव्यवस्थामा यी हाट-बजारहरुको महत्वपूर्ण भमिकाहुने गर्दछ तर सडक एवं पुलजस्ता संरचनात्मक साधनको अभावमा यी हाटबजारहरुको विकास हुनसकेको थिएन्। अब यातायातको क्षेत्रमा पनि कामहुन थालेकाले विस्तार विस्तारै जनताले सुबिधा पाईरहेका छन्।

देशको कुल कृषिभूमिको झन्डै तीनचौथाई भूभाग तराई क्षेत्रमा छ। शायद त्यसैले होला यसलाई ‘अन्नको भण्डार’ भन्ने गरिन्छ । सामान्यतया यस क्षेत्रमा कृषि उत्पादनको एक भाग नेपालको अभावग्रस्त पहाडी क्षेत्र तथा देशबाहिर पनि पठाउने गरिन्छ। तर सुख्खाको मौसममा स्वयं यहाँका किसानहरुले नै सीमावर्ती भारतीय बजारहरुबाट खाद्यान्न खरिद गर्नुपर्ने अवस्था आउँछ । भारतीय बजारमा अपेक्षाकृत सस्तो मूल्यमा सामान खरिद गर्न पाइन्छ । सिंचाइको सुविधा भएको ठाँउमा त वर्षमातीन-चार पटक बाली भित्र्याउन सकिन्छ तर तराई क्षेत्रका अधिकांश कृषि भूमिमा सिचाइको आवश्यक सुविधा छैन। अनेकौं सिंचाई आयोजनाहरु कागजमैं सक्रिय छन् । नहरमा पानी छैन । खराब मनसुनको अवस्थामा परिस्थिति झन् विकट हुनजान्छ। राम्रो मनसुन अवश्य पनि सम्पन्नताको सङ्केत हो किनभने तराईको मुख्यबालीधान हो, जसको मुख्य आधार मनसुन नै हो। धानको मौसममा तराईका खेत हरियो एवं चित्ता कर्षक देखिन्छ । तराईमा धानका अतिरिक्त गहुँ, मकै, उखु, दलहन (दालकाप्रकारहरु), तेलहन (तेल निकाल्न सकिने अन्न), कपास तथाफल, तरकारी उब्जाउने गरिन्छ। तराईका किसान सिचाइको समस्याका अतिरिक्त खेतीको मौसममा मलखाद, बीउ, कीटनाशक औषधि आदिको समस्याबाट पनि पीडित रहदै आएका छन् । उत्पादनको समुचित मूल्य पाउननसक्नु, भण्डारणको अभाव, शीत गृहको समस्या, बजारको अभाव, फसलको बिमा नहुनु, सरकारी सहायता नपाउनु, कृषि उपकरणमा अत्यधिक भन्सार शुल्क, कृषिविकास बैंकबाट ऋणलिनमा पनि समस्या, ऋणको चर्को ब्याज आदि कारणले किसानको जग्गा नै लिलाम हुने अवस्था आउँछ । भूमि सम्बन्धी अवैज्ञानिक नीतिका कारण झ्न कृषिको अवस्था दयनीय छ। जिल्ला-जिल्लामा खोलिएका कृषि कार्यालयहरु किसान मैत्रीनभएर बजेट मैत्री हुनगएका छन्। देशको कुल औद्योगिक उत्पादनको सत्तरी प्रतिशत तराईबाट प्राप्त हुने गर्दछ । लघु उद्योगमा पनि अधिकांश योगदान तराई क्षेत्रकै छ। यहाँका अधिकांश उद्योग, कृषिमा निर्भर छन् । तराईका अधिकांश उद्योगहरु ग्रामिण क्षेत्र मै अवस्थित छन्। यसबाट वायु, ध्वनि एवं जल प्रदूषणको समस्या उत्पन्न हुने गर्दछ। यदि विराटनगर एवं इटहरी, जनकपुर-ढल्केवर, वीरगंज-पथलैया एवं भैरहवा-बुटवलको बीचमा ग्रामिण क्षेत्रमा स्थापित औद्योगिक एकाइहरुको विकासको अध्ययनगर्ने हो भने यो समस्या प्रस्ट रुपमा हेर्न सकिन्छ। विगतका केही वर्षहरुमा जङ्गलबाट प्राप्त घरायसी काठ भारतमा निर्यात गरी आयआर्जन गरिन्थ्यो। वन सम्पदाको ठूलो मात्रा घरायसी काठको तस्करी पनि तीव्ररुपमा भएको

- बाँकी पृष्ठ ६ मा

# हुलाकी सडकमा पर्ने तीन पुलको निर्माण सकियो, पाँच अन्तिम चरणमा

झापा, ४ फागुन

पूर्व-पश्चिम राजमार्गको विकल्पका रुपमा निर्माण गरिएको हुलाकी राजमार्गमा पर्ने आठ पुलमध्ये हालसम्म तीनको मात्र निर्माण काम सम्पन्न भएको छ । बाँकी निर्माणको काम अन्तिम चरणमा पुगेको छ।

राष्ट्रिय गौरवको योजनाका रुपमा रहेको राजमार्गको झापा खण्ड ४८ किलोमिटर छ भने यहाँ ठूलासाना नदीमा पुल निर्माणाधीन छन् ।

तीमध्ये कमल, किस्ने र मेचीपुलको निर्माणको काम सम्पन्न भइसकेको हुलाकी राजमार्ग योजना कार्यालय इटहरीका इञ्जिनीयर प्रमोद खतिवडाले जानकारी दिए । उनले झापा खण्डमा पर्ने हुलाकी सडकको निर्माण सम्पन्न भए पनि पुलको निर्माण समयमै हुन नसक्दा सडक सञ्चालनमा आउन नसकेको बताए ।

उनले बन्दै गरेका अधिकांश पुलको ६० देखि ९६ प्रतिशत भौतिक प्रगति भइसकेको जानकारी दिए ।

उनका अनुसार विसं २०६८ देखि २०७६ सम्ममा ठेक्का लागेका सबै पुलको निर्माणको काम



आगामी २०८० साल असार मसान्तभित्र सम्पन्न गर्ने गरी काम भइरहेको छ । हुलाकी सडकमा पर्ने विरिङ पुल विसं २०६८ मा लामा मैनाचुली जेभीले ठेक्का लिएर काम सुरु गरेको थियो ।

ठेकेदारको लापरवाही, कोराना महामारी र मुलुकमा राजनीतिक अस्थिरताका कारण सो पुल निर्माणमा ढिलाइ भएको थियो । पटकपटक म्याद थप गरी हाल सो पुलको भौतिक प्रगति ८० प्रतिशत भइसकेको उनको भनाइ छ । उनले तीव्ररुपमा निर्माण भइरहेको विरिङ पुलको तीन महिनाभित्रमा निर्माण सकिने बताए ।

हरेक बहानामा पुल निर्माणमा जति ढिलो हुनु भयो, उनले भने ,अब ढिला हुन्न, सबै पुलको निर्माणको काम २०८० सालको असार मसान्तसम्ममा पूरै सकिन्छ । उनले विरिङ पुलजस्तै एक दशकअघि सुरु भएको कनकाई पुलको भौतिक प्रगति भने ६० प्रतिशत मात्र भएको बताए । ठूलासाना नदीमा करिब २५ मिटर लम्बाइदेखि छ सय २४ मिटर लामा पुल निर्माण भइरहेका छन् ।

हुलाकी सडकमा पर्ने भुतेनी खोलाको भौतिक प्रगति ८८ प्रतिशत लेहराको ६८ प्रतिशत, सानोमाईको ९० प्रतिशत भइसकेको उहाँले जानकारी दिए । यसैगरी लामो समय अलपत्र परेको झापा-मोरङ जोड्ने रतुवा खोलाको पुल निर्माणसमेत सुरु भइसकेको छ ।

भद्रपुरको मेची पुलदेखि मोरङको सिमानामा रहेको रतुवा खोलासम्मको करिब ४८ किलोमिटर कालोपत्रसहितको सडक निर्माण सकिएको इञ्जिनीयर खतिवडालेले बताए । सडक दुई लेनको बनेको छ । उहाँले बस्ती नभएको स्थानमा सात मिटर चौडाइ भएको र बाक्लो बस्ती भएको बजार क्षेत्रमा दुवै सडकको किनारमा नालीसहित १२ मिटरको सडक निर्माण भएको बताए ।

मेचीपुलदेखि राजगढको जनता बजारसम्मको २० किमी सडकको ठेक्का आशिष याक्थुमहाङ जेभी र जनता बजारदेखि रतुवा खोलासम्मको करिब २८ किलोमिटर पिएस गजुरमुखी मोतिदान जेभीले लिएका थिए । पूर्वमेचीदेखि पश्चिम महाकालीको दोधारा-चाँदनी पुलसम्म एक हजार छ सय मिटरको हुलाकी बाटो निर्माणपछि तराई-मधेसका सर्वसाधारणको जीवनस्तर उकास्न मद्दत बताइन्छ ।

त्यसैगरी हुलाकी सडकअन्तर्गतकै चारआली केचनासम्मको सडकको निर्माणको काम अन्तिम चरणमा पुगेको छ । करिब ४० किमी सडकमध्ये ३९ किमी सडकको निर्माण सकिएको छ ।रासस

# ८२ लाख मूल्य बराबरको बियर बरामद




काठमाडौँ, फागुन ४

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले रु ८२ लाख बराबरको बियर बरामद गरेको छ । मङ्गलबार र बुधबार बजार अनुगमनका क्रममा विभागले उपभोग्य मिति सकिएका करिब दुई हजार सात सय ५७ कार्टुन बियर बरामद गरेको हो । दुई दिनको बजार अनुगमनका क्रममा विभागले उपभोग्य मिति सकिएका बियर बरामद गरेको जनाएको छ ।

बजार अनुगमनका क्रममा बाह्रसिङ्गे, टुवोर्ग, मुस्ताङ, काल्सवर्ग, नेपाल आइस, बडवाइजर र गोर्खा ब्राण्डका बियर बरामद गरिएको विभागका महानिर्देशक महेश भट्टराईले जानकारी दिनुभयो । उहाँका अनुसार मङ्गलबार काठमाडौँको धुम्बाराहीस्थित याक ब्ररुअरी कम्पनीको डिलर क्लाइमेक्स ट्रेडिङ कम्पनीका तीन वटा गोदममा भण्डारण गरिएको २१ सय कार्टुन बियर नियन्त्रणमा लिइएको थियो ।

यस्तै, बुधबार सिनामङ्गलमा रहेको संस्कार ट्रेडर्स प्रालिले गौह्रिगाउँस्थित गोदाममा भण्डारण गरेको तीन सय ५५ कार्टुन बियर बरामद गरेको थियो । उपभोग्य अवधि सकिएका टुवोर्ग, मुस्ताङ, काल्सवर्ग, नेपाल आइस, बडवाइजर र गोर्खा ब्राण्डका बियर रहेको विभागले जनाएको छ ।

यस्तैगरी, बुधबार नै विभागले सिनामङ्गलकै सिके ट्रेडिङ प्रालिको गोदाममा भण्डारण गरिएका उपभोग्य मिति सकिएका टुवोर्ग, सानमिगेल, गोर्खा प्रिमियर, काल्सवर्ग ब्राण्डका तीन सय दुई कार्टुन बियर बरामद गरिएको महानिर्देशक भट्टराईले जानकारी दिए । विभागले भोजभत्तेर तथा कतिपय रात्रिकालीन रेष्टुरेण्ट व्यवसायमा उक्त किसिमका उपभोग्य अवधि सकिएका (गुणस्तरहीन) बियरलगायत अन्य हल्का पेयपदार्थको कारोबार हुनसक्ने भन्दै सचेत हुन उपभोक्तालाई आग्रह गरेको छ ।

'आम उपभोक्तालाई समेत त्यस किसिमका कार्यक्रममा हुनसक्ने गुणस्तरहीन वस्तुको बिक्रीवितरण तथा उपभोगतर्फ विशेष चनाखो रहनहुन र कहीँकतै त्यसको बिक्री वितरण गरिएको थाहा हुन आएमा विभागमा जानकारी गराउन अनुरोध गरिन्छ', विभागले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

यस्तैगरी, विभागले वस्तुको अनैतिक कारोबार भएको थाहा पाएमा टोल फ्रि नं ११३७ वा अनलाइन उजुरी तथा गुनासो पोर्टलमा गई उजुरी गर्नसमेत अनुरोध गरेको छ ।रासस

# अलैँचीले उकासियो किसानको आर्थिक अवस्था



लमजुङ, ४ फागुन

कालो सुनको रुपमा हेरिएको अलैँचीले यहाँका किसानको आर्थिक अवस्था उकासिएको छ। करिब ४५ वर्ष अघिदेखि अलैँची खेती विस्तार भएको लमजुङमा केही वर्षदेखि अलैँची खेतीले राम्रो आम्दानी दिन थालेपछि यहाँका अधिकांश किसानको आर्थिक अवस्था उकासिन थालेको हो ।

अलैँचीबाट उकासिएकामध्ये एक हो हिमाली जिल्ला मनाङसँग सिमना जोडिएको लमजुङको उत्तरी भेग मर्स्याङ्दी गाउँपालिका-७ छिनखोलाका अजय तामाङ । उनको दिनचर्या अलैँची बारीमै बित्छ । कालो सुनका रूपमा हेरिने अलैँची खेती थालेपछि भने उनी आर्थिकरूपले सम्पन्न मात्र छैन रोजगारी दिलाउन सक्ने हैसियतमा पनि छन । अलैँची किसान तामाङ गाउँगाउँमा सुरु भएको अलैँची खेतीको लहरसँगै १५ वर्ष अघि परिवारसहित गाउँ फर्के । एक रोपनी जग्गाबाट सुरु भएको अलैँची खेती यतिबेला ४० रोपनी क्षेत्रफलमा फैलिएको छ । सोही छिनखोलामा पाँच रोपनी र ताराचोक शेरामा ५० रोपनी क्षेत्रफलमा नेपालकै ठूलो अलैँची नर्सरी स्थापना भएसँगै उहाँले अलैँची बिरुवा पनि बेच्न थाले । उनका अनुसार अलैँची दाना र बिरुवा बिक्री गरी उनले वार्षिक रु १०/१५ लाख आम्दानी गर्दै आउनुभएको छ । उनी भन्छन ,विदेशमा वार्षिक तीन लाख जति कमाइ हुन्थ्यो तर अहिले परिवारको साथमा घरमा बसीबसी रु १० लाख बढीसम्म वार्षिक आम्दानी हुन्छ ।

उनी नेपाल अलैँची व्यवसायी महासङ्घ लमजुङ शाखाका निर्वतमान अध्यक्ष तथा हाल गण्डकी प्रदेशको संयोजक समेत छन । उनले रोजगारीका लागि गाउँ छाड्ने र विदेशमा रहेका युवालाई गाउँ फर्किएर अलैँची खेती गर्दै जीवन परिवर्तन गर्न आग्रह गर्दै आएका छन । त्यस्तै, सोही वडास्थित लुदीका सोमबहादुर तामाङ पनि एक सफल अलैँची किसान छन । उनले मलेसियामा १५ वर्ष श्रम बेचे तर आर्थिक हैसियत उकासिएन । यतिबेला सोमबहादुरले ६० रोपनी क्षेत्रफलमा लगाएको अलैँचीबाट उहाँ घरमै बसेर वार्षिक रु चार/पाँच लाख आम्दानी गर्दै आएका छन। धान, मकैभन्दा अलैँची खेतीले राम्रो आम्दानी हुने गरेको र परिवारको गुजारा चलाउन सहज भएको उनको भनाइ छ । उहाँका अनुसार गाउँका स्थानीय अलैँची खेतीतर्फ आकर्षित भएर लुदीका ४२ घरधुरीले बारापोखरी कृषक समूह दर्ता गरी एक हजार पाँच सय रोपनीमा समेत अलैँची खेती सुरु गरेका छन् । पहिलो पटक यस वर्ष १० क्विन्टल अलैँची दानासमेत उत्पादन भएको उनले बताए । कम मेहेनतमै राम्रो आम्दानी दिने भएकाले अलैँचीप्रति गाउँलेको ध्यान केन्द्रित हुन थालेका छन् । छिनखोलाका बलराम लामा पनि अजय र सोमबहादुर जस्तै विदेशबाट फर्किएर अलैँची खेती थाल्ने अर्का सफल कृषक छन । उनले पनि वार्षिक रु पाँच लाखभन्दा बढी आम्दानी अलैँची खेतीबाटै गर्दै आएका छन ।

अलैँची खेतीले स्थानीयको आर्थिक हैसियत मात्र होइन, भाग्य नै बदलिदिएको पछि जिल्लाका किसान पछिल्लो समयमा अलैँची खेतितर्फ आकर्षित हुँदै गएका छन् । जिल्लामा हाल एक हजार पाँच सय हेक्टर क्षेत्रफल जमिनमा अलैँची खेती हुँदै आए पनि एक हजार दुई सय हेक्टर क्षेत्रफलमा मात्र उत्पादन हुँदै आएको छ । जिल्लामा गत वर्ष ३५ मेट्रिक टन अलैँची दाना उत्पादन भएको थियो । गत वर्षको तुलनामा करिब ८५ प्रतिशत वृद्धि भएको अलैँची कृषकको अनुमान छ । जिल्लामा लगाइएको अलैँचीका दानाको माग उच्च रहँदै आएको छ। जिल्लामा उत्पादित अलैँचीका दाना भारत हुँदै विभिन्न देशमा पुग्ने गरेको छ । अलैँची व्यवसायमा जिल्लाका किसानको भविष्य राम्रो रहेको छ विगतमा धेरै राम्रो कम हुँदै गएको र सरकारले उचित व्यवस्था गर्नुपर्नेमा नेपाल अलैँची व्यवसायी महासङ्घ गण्डकी प्रदेश संयोजक तामाङले बताए । जिल्लाका किसानले यस वर्ष अलैँची दाना प्रतिकिलो रु छ सयदेखि सात सयसम्म बिक्री गरेका छन् । मर्स्याङ्दी गाउँपालिका, बैँसीसहर नगरपालिका, क्व्होलासोथर गाउँपालिका, दोर्दी गाउँपालिका र दूधपोखरी गाउँपालिकामा जिल्लाको सबैभन्दा बढी अलैँची खेती हुने गरेको अलैँची किसानको भनाइ छ। रासस

# तरकारी खेतीबाट लगानी उठाउनै मुस्किल

भजनी, ४ फागुन

कैलालीको टीकापुर नगरपालिका-९ वनगाउँका माधव चौधरीले पाँचवर्षदेखि तरकारी व्यवसाय गर्दै आएका छन ।

एक बिघा क्षेत्रफलमा तरकारी खेती गर्दै आएका उनलाई तरकारी लगाउँदाको भन्दा बढी पीडा तरकारी बिक्री गर्न नसक्दा हुन्छ । बेमौसमी तरकारीबाट राम्रो आम्दानी हुने गरेको भए पनि मौसमी तरकारी बजारीकरणको अभाव बारीमै सड्ने गरेको उनी बताउछन । अहिले काउलीको बजार मूल्य निकै ओरालो लागेको छ । एक महिना पहिलेसम्म प्रतिकेजी रु ६० मा बिक्री हुने काउली अहिले रु १० मा पनि बिक्री हुँदैन । उनी भन्छन , व्यवसाय गरेर पनि के गर्नु ? उत्पादन भएको वस्तुबाट लगानी नै उठाउन सकिँदैन । यस्तो अवस्थामा जागर मरेर आउँछ । उनी रु १० मै काउली बिक्रीका लागि टीकापुरमा लाग्ने कृषि हाटबजार पुग्छन । उनले व्यवसाय गरेको क्षेत्रबाट टीकापुर पुग्न १५ किलोमिटरको दूरी छ । ट्र्याक्टरमा तरकारी ल्याउँदा त्योभन्दा बढी लगानी लाग्ने गरेको बताए । बारीमै सड्नुभन्दा अलिकति मलखादका लागि पैसा आउछ कि भनेर हाटबजार पुग्ने गरेको छु । उनले भने , अहिले कुनै पनि तरकारीले बजार पाउने अवस्था छैन ।

भारतबाट आयातीत तरकारीले स्थानीय उत्पादनलाई विस्थापित गर्दै आएको छ । सोही ठाँउका रामचन्द्र चौधरी पनि व्यावसायिक तरकारी खेती गर्छन । उनको बारीमा काउली र आलु फलेको छ। दुवैको बजार मूल्य निकै कम छ । उनका अनुसार एक केजी आलु फलाउन आफ्नो मिहेनत छोडेर रु १५ देखि २० लागत लाग्छ । अहिले बजारमा रु २० मा पनि आलु बिक्री भइरहेको छैन । बजारमा आलु बिक्री हुँदैन । भण्डारण गर्नलाई उचित ठाउँ छैन ।

लागतभन्दा कममा भए पनि उत्पादन भएको बस्तु बिक्री गर्नुपर्ने बाध्यता छ । उनले भने ,भारतबाट रु १५ भन्दा सस्तोमा आलु आइपुग्छ । त्यो पनि बिना भन्सार । व्यापारीले सस्तोमा सामान पाए हाम्रो उत्पादन खरिद गर्ने कुरै भएन । कृषक बजारीकरणको समस्याका कारण विस्थापित हुँदै गएका छन् ।

अर्कोतिर स्थानीय क्षेत्रमा तरकारी भण्डारणका लागि शीतभण्डारको अभाव छ । किसानले कृषिमा राम्रो अनुदान पाएको भए पनि उत्पादन भएको वस्तुको बजारीकरण हुन सकेमात्र अन्यलाई कृषिमा आकर्षित गर्न सकिने स्थानीय बुद्धिराम चौधरी बताउछन् । नजिकै भारतीय बजार छ। त्यहाँबाट अवैधरुपमा तरकारीलगायतका खाद्य सामग्रीको आयात हुँदै आएको छ । त्यसले स्थानीय उत्पादनमा निकै ठूलो असर पारेको छ। उनले भने , बाह्य तरकारीलाई निरुत्साहित गर्न सके व्यावसायिक कृषिमा लागेका किसानलाई ठूलो राहत हुनसक्छ ।

स्थानीय सरकारले पनि स्थानीय उत्पादनलाई विशेष प्राथमिकतामा राखेको छ। कृषिबाटै आत्मनिर्भर बनाउनका लागि विभिन्न क्षेत्रमा अनुदान तथा प्राविधिक सहयोग गर्दै आएको स्थानीय सरकारले बजारीकरणमा ध्यान पुऱ्याउन नसकेको किसानको गुनासो छ । राष्ट्रिय गौरवको आयोजना रानी जमरा कुलरीया सिँचाइ आयोजना कृषि कार्यक्रम कार्यान्वयन एकाइले वार्षिक करोडौँ रकम कृषि अनुदानमा खर्च गर्दै आएको छ । त्यस अनुदानबाट किसान खुसी छन् । आयोजनाले किसानका लागि धेरै काम गरेको छ । यसबाट कृषिमा आकर्षित हुने युवाहरुको संख्या बढ्दै गएको पनि देखिन्छ । कृषक श्रीराम कठरिया भन्छन, समस्या बजारीकरणको हो । बजारीकरणमा स्थानीय सरकारले समन्वय गर्नसके आत्मनिर्भरका लागि कृषि महत्त्वपूर्ण पेसा बन्न सक्छ। अनुदान लिँदा खुसी हुने किसान उत्पादन भएको वस्तु बिक्रीका लागि बजार नपाउँदा दुखी हुने गरेको उनी बताउछन।

अनुदान लिँदा निकै खुसीको अनुभूति हुन्छ। अब धेरै उत्पादन गर्ने सोचका साथ काम गरिन्छ । उत्पादन पनि राम्रै हुन्छ, उनले भने ,बिक्री गर्दा निकै तनाव । कसैलाई सित्तैमा दिएजस्तो हुन्छ । जुन लगानी भन्दा कममा भए पनि बिक्री गर्नुपर्छ । विशेषगरी तरकारीमा विचौलियाका कारण पनि किसानले वस्तुको मूल्य नपाएको गुनासो गर्दै आएका छन् ।रासस



# खानेपानी मन्त्रालयले सार्वजनिक गऱ्यो टोल फ्रि नम्बर

काठमाडौँ, ४ फागुन

खानेपानी मन्त्रालयले उपभोक्ताको गुनासो सुनुवाइ गर्न टोल फ्रि नम्बर सार्वजनिक गरेको छ। विहिवार मन्त्रालयमा एक कार्यक्रमको आयोजना गर्दै खानेपानी मन्त्री अब्दुल खानले टोल फ्रि नम्बर ११७१ सार्वजनिक गरेका हुन।

तीन दिन अगाडि परीक्षण गरेको उक्त टोल फ्रि नम्बरमा विहिवार मन्त्री खानले जनकपुरबाट आएको गुनासोको सुनुवाइ गर्दै गुनासो सुनुवाइ एकाइको उद्धाटन गरेका हुन।

खानेपानी समस्या समाधान गर्न र उपभोक्ताको गुनासो सुन्न खानेपानी मन्त्रालयले गुनासो कल सेन्टरको स्थापना गरेको हो, हाम्रो टोल फ्रि नम्बर ११७१ मा पाइपलाइन फुटेमा वा कतै पानीको लाइन बिग्रिएर खानेपानी नपाएमा उपभोक्ताले सिधै मन्त्रालयमा रहेको कल सेन्टरमा फोन गरेर गुनासो टिपाउन सक्नुहुन्छ, उनले भने। उनले सातामा एक दिन आफू कल सेन्टरमा बस्ने भन्दै दैनिक चार जना कर्मचारीले उपभोक्ताको गुनासोको सुनुवाइ गर्ने जानकारी दिए। उनले दूरदराजका जनतालाई सरकार भएको प्रत्यक्ष अनुभूति दिलाउन मन्त्रालयले गुनासो सुनुवाइ एकाइ स्थापना गरिएको जानकारी दिए। सरकारको लक्ष्य सहरबजारका जनतालाई खानेपानी र सरसफाइमा पहुँच पुऱ्याउनमात्र होइन, दूरदराजका गाउँ टोलमा सरकार भएको अनुभूति गराउन हामीले गुनासो सुनुवाइ एकाइ सञ्चालनमा ल्याएका छौँ, उनले भने ,एकाइमा आएका गुनासो तत्काल सम्बोधन हुन्छ। कार्यालय समयमा लाइभ अन्य समयमा रेकर्डमार्फत गुनासोको सुनुवाइ हुन्छ।

उनले जनताको जनजीवनसँग जोडिएको यस खानेपानी मन्त्रालयको काम र कर्तव्यलाई आफ्नो इमान्दारीका साथ पूरा गर्ने प्रतिबद्धता व्यक्त गरे । नेपाल जलस्रोतको दोस्रो ठूलो देश भए पनि २५ प्रतिशत मानिसले मात्र शुद्ध खानेपानी प्रयोग गर्ने गरेको उनको भनाइ थियो।

उपभोक्ताको गुनासोलगत्तै मन्त्रालयले प्रदेश सरकार, स्थानीय सरकार र खानेपानी मन्त्रालयअन्तर्गतका कार्यालयसँग समन्वय गरेर समस्या समाधान गर्ने मन्त्रालयका सचिव मणिराम गेलालले बताए। गुनासो सुनुवाइ गर्न मन्त्रालयले अधिकृतको नेतृत्वमा चार कर्मचारी खटाएको छ। कार्यालयले समयमा आएको गुनासो तत्काल सम्बोधन गर्नेछन् भने अन्य समयमा रेकर्डमा रहने जनाइएको छ।

मन्त्रालयले सार्वजनिक गरेको टोल फ्रि नम्बर ११७१ मा नेपाल टेलिकमका ग्राहकले मात्र गुनासो दर्ता गराउन मिल्ने मन्त्रालयका प्रवक्ता शोभाकान्त पौडेलले जानकारी दिए।

एनसेल तथा स्मार्ट टेलिकमसँग समेत कुरा भएको भन्दै छिट्टै एनसेल तथा स्मार्ट टेलिकमका ग्राहकले समेत गुनासो गर्न सक्ने उनले बताए ।रासस

# सवारी साधनको यान्त्रिक परीक्षण

लहान, ४ फागुन

जिल्ला ट्राफिक प्रहरी कार्यालय सिरहा लहानले चालक तथा परिचालकको स्वास्थ्य परीक्षण र सवारीसाधनको यान्त्रिक जाँचसहितको दुर्घटना न्यूनीकरण तथा जनचेतनामूलक कार्यक्रम आयोजना गरेको छ ।

आज भएको एक दिवसीय कार्यक्रममा प्रादेशिक अस्पताल लहान र सगरमाथा चौधरी आँखा अस्पतालका प्रविधिकको सहयोगमा ट्राफिक प्रहरीले सवारी चालकको स्वास्थ्य अवस्थाबारे जाँच अभियान सञ्चालन गरेको हो ।

सिरहा जिल्लामा पछिल्लो समय सवारीसाधनको दुर्घटनाबाट मानिसको ज्यान जाने क्रम बढ्दै गएको देखिएको छ ।

दिनहुँजसो सवारी दुर्घटना हुने गरेको छ । लहानमा गत माघ २८, २९ र फागुन १ गते भएको तीन दुर्घटनामा मात्र पाँच जनाको मृत्यु भएको थियो ।

यसरी दिनानुदिन बढ्दै गएको



सवारी दुर्घटनाको रोकथाम तथा न्यूनीकरणमा सहयोग पुग्ने उद्देश्य राखी जनचेतनामूलक कार्यक्रम राखिएको प्रहरी निरीक्षक एवं सिरहा जिल्ला ट्राफिक प्रहरी प्रमुख टुपेन्द्र श्रेष्ठले बताए ।

कार्यक्रममा नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया बाराका प्रमुख प्रहरी उपरीक्षक सन्तोषकुमार भट्टराई दुर्घटना न्यूनीकरणका लागि सवार ीसाधनको अवस्था तथा सवारी चालकको स्वास्थ्यसमेत राम्रो हुनुपर्ने बताउछन् । उनले भने ,सवारी दुर्घटना नियन्त्रण गर्नका लागि ट्राफिक प्रहरीको भूमिकामात्रै पर्याप्त हुँदैन । यसका लागि आम नागरिक तथा सवारीसँग सम्बन्धित सवारी चालक, सवारी परिचालक, यातायात व्यवस्था कार्यालय, सडक विभागजस्ता विभिन्न ‘स्टेक होल्डर’हरूको हातेमालो आवश्यक छ ।

ट्राफिक प्रहरीले यस्ता जनचेतनामूलक कार्यक्रम समय-समयमा सञ्चालन गर्दा सवारीको दुर्घटना न्यूनीकरणका लागि अत्यन्त प्रभावकारी हुने बताउछन् लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरी । जनचेतनाको कारणले पनि हाम्रा युवाहरूको संरक्षण र नियम, कानूनभित्र बसेर सवारी चलाउन उत्प्रेरणा वृद्धि हुनेछ, उनले भने ।

सवारीसाधन ठीक अवस्थामा छ कि छैन, मानव स्वास्थ्य पनि कस्तो अवस्थामा छ भन्ने कुरा जान्नुपर्ने बताउछन् नेपाल यातायात व्यवसायी महासङ्घ मधेस प्रदेशका अध्यक्ष हरिनारायण यादव । त्यस्तै लहान-१ का सिटी सफारी चालक रामकुमार साह ट्राफिक प्रहरीले यस प्रकारको जाँच गरिदिँदा आफूहरूलाई अत्यन्त खुसी लागेको र यसले चालकमा जनचेतना पनि अभिवृद्धि भएको बताउछन् । रासस

# प्रधानमन्त्रीसँग संवैधानिक आयोगका अध्यक्षहरूद्वारा भेट



काठमाडौँ, ४ फागुन , प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ सँग संवैधानिक आयोगका अध्यक्षहरूले भेट गरेका छन । सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा विहिवार भएको भेटमा आयोगहरूमा आइपरेका समस्या र चुनौतीका बारेमा छलफल भएको थियो । प्रधानमन्त्री दाहालले संवैधानिक आयोगहरू सामाजिक विभेदहरूको अन्त्यका लागि शक्तिशाली संरचना भएकाले यसलाई थप प्रभावकारी बनाउनुपर्ने बताए । उनले आयोगहरूको गठन धेरै ठूलो सङ्घर्ष र बहसपश्चात् भएको उल्लेख गर्दै आवश्यक साधन स्रोत र पूर्वाधारसहित व्यवस्थित गर्नुपर्ने बताए । प्रधानमन्त्री दाहालले भने ,समुदायलाई अधिकार सम्पन्न गराउने यी आयोगहरूको उद्देश्य हो । त्यसका लागि अख्तियार, साधनस्रोत र तिनको सामाजिक प्रतिष्ठाको दृष्टिकोणले स्थापित गर्न राज्यले आवश्यक कदम चाल्नु पर्दछ र मात्र आयोगहरूले प्रभावकारीरूपमा काम गर्न सक्छन् । आयोगका अध्यक्षहरूले मानव अधिकारसम्बन्धी आठवटै संवैधानिक आयोग र यसमा नियुक्त पदाधिकारीहरूका लागि सेवा, सर्त र सुविधा निर्धारण गर्दा मर्यादाक्रमबमोजिम भएको नदेखिएकाले निर्दिष्ट मर्यादाक्रमबमोजिम हुने व्यवस्था गर्न प्रधानमन्त्रीसमक्ष आग्रह गर्नुभएको थियो । संवैधानिक आयोगको मर्यादा र स्थायित्वको विचार गरी कर्मचारी पदस्थापन तथा सरुवा गरी पठाउँदा र आयोगबाट कर्मचारी सरुवा गर्दा सम्बन्धित आयोगको समेत सहमति लिनुपर्ने व्यवस्था गर्नुपर्ने उनीहरूको धारणा थियो । भेटवार्तामा राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुली, आदिवासी जनजाति आयोगका अध्यक्ष रामबहादुर थापामगर, राष्ट्रिय समावेशी आयोगका अध्यक्ष डा रामकृष्ण तिमल्सेना, मधेसी आयोगका अध्यक्ष डा विजयकुमार दत्त, थारू आयोगका अध्यक्ष विष्णुप्रसाद चौधरी, राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्मा र मुस्लिम आयोगका कावा अध्यक्ष महमदिन अलीको सहभागिता रहेको थियो ।रासस

# देशभरका स्थानीय तहको सहभागितामा न्यायिक समिति राष्ट्रिय सम्मेलन हुने

काठमाडौँ, ४ फागुन

मुलुकभरका स्थानीय तहको सहभागिता गराउने उद्देश्यसहित काठमाडौँ महानगरपालिकाले आगामी चैत २४ र २५ गते न्यायिक समिति राष्ट्रिय सम्मेलन गर्ने भएको छ ।

स्थानीय तहमा न्याय सम्पादनको अनुभव आदान-प्रदान गर्ने उद्देश्यका साथ सम्मेलन आयोजना गर्न लागिएको कामपाका उपप्रमुख एवं न्यायिक समिति संयोजक सुनिता डङ्गोलले जानकारी दिनुभयो । काठमाडौँमा हुने सम्मेलनमा देशभरका सबै स्थानीय तहलाई आमन्त्रण गरिने जनाइएको छ ।सम्मेलनको तयारीका लागि उपप्रमुख डङ्गोलको अध्यक्षतामा न्यायिक समिति मूल समारोह समिति गठन गरिएको छ । संयोजक डङ्गोलले सबै पालिकाका न्यायिक समितिबाट प्रतिनिधित्व गराउने र असल अभ्यास आदान-प्रदान गर्ने उद्देश्यले सम्मेलन आयोजना गर्न लागिएको बताउनुभयो । सम्मेलनलाई नतिजामुखी बनाउने, प्राप्त उपलब्धिलाई संस्थागत अभिलेखमा राख्ने र आपसी सिकाइ प्रवर्द्धन गर्ने गरी सम्मेलन सञ्चालन गर्ने तयारी कामपाको रहेको छ ।

सम्मेलन विशेषगरी चार मूल विषयमा केन्द्रित हुनेछ । न्यायिक समितिको अवधारणा, विभिन्न कानूनमा भएका न्यायिक समितिसम्बन्धी व्यवस्था, न्याय सम्पादनमा न्यायिक समितिको क्षेत्राधिकार र यसको प्रचलन प्रस्तुतिको एउटा विषय हो ।दोस्रो विषयका रूपमा स्थानीय विवाद समाधानमा मेलमिलाप प्रक्रिया र यसको प्रवर्द्धनसम्बन्धी विषय राखिएको छ । न्यायिक समितिले गर्ने न्यायिक निर्णय र यसका लागि अनिवार्यरूपमा पालना गर्नुपर्ने प्रक्रिया तेस्रो प्रस्तुतिका रूपमा रहनेछ । यस्तै न्यायिक समितिमार्फत भएका मिलापत्र र निर्णयको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता तथा त्यसका लागि आवश्यक संस्थागत प्रबन्ध प्रस्तुतिको चौथो विषय हुनेछ । सम्मेलनबाट प्राप्त उपलब्धिलाई संस्थागत प्रबन्धबाट उपयोगमा ल्याउन न्यायिक समिति राष्ट्रिय सञ्जाल, प्रदेश सञ्जाल र जिल्ला सञ्जाल चयन हुनेछ । राष्ट्रिय सञ्जालका पदाधिकारीको चयन पनि सम्मेलनबाटै हुने बताइएको छ । काठमाडौँ विवाद निरुपण घोषणा, २०७९ जारी गर्दै सम्मेलन सकिने बताइएको छ ।

न्यायिक समितिले विशेषगरी सामान्य खालका मामिला, जग्गा जमिन, अंशबन्डा, साँध विवादजस्ता मुद्दाको टुङ्गो लगाउने छ । न्यायिक समितिको अधिकार क्षेत्रको प्रयोग न्यायिक समिति संयोजक र सदस्यले सामूहिकरूपमा गर्नेछन् । गाउँपालिका तथा नगरपालिकाले न्यायिक समितिबाट मिलापत्र वा निर्णय भएका विवादसँग सम्बन्धित लिखत, मिलापत्र वा निर्णयको अभिलेख व्यवस्थित र सुरक्षितरूपमा राख्नुपर्ने छ । समितिले आफूले गरेको कामको वार्षिक विवरण प्रमुखमार्फत सम्बन्धित सभा गाउँ वा नगरसभामा पेस गर्नुपर्ने छ । संवैधानिक व्यवस्थाअनुरूप नै गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहने व्यवस्था छ ।रासस

## मधेशको योजना ......................

प्रणालीको स्तरोन्नति र मर्मत सम्भार, बेटी पढाउ बेटी बचाउ,मुख्यमन्त्री स्वच्छता अभियान, पथलैयामा ट्रमा सेन्टरको स्थापना, जिल्ला अस्पतालहरूको स्तरोन्नति र सुदृढीकरण, प्रादेशिक ट्रपिकल र सरुवा रोग अस्पताल स्थापना,मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान र प्रादेशिक व्यावसायिक प्रशिक्षण संस्थान रहेका छन । त्यसैगरि वीरगंजमा साइन्स एण्ड टेक्नोलोजी विश्वविद्यालय, राजविराजमा कृषि विश्वविद्यालय लगायतका परियोजनाहरु कार्यान्वयनमा रहेको मिश्रको भनाई छ । यी योजनाहरु कार्यान्वयनमा रहेको उनले दाबी गरेपनि ती योजनाहरु योजना बैंक आए अघिदेखि नै कार्यन्वयनमा रहेका छन् ।

यस्तै पुर्व मुख्यमन्त्री लालबाबु राउत योजना बैंकमा उल्लेख गरिएका योजनाहरु एक/दुई वर्षमै सम्पन्न हुने खालका छैन, केहीमा काम पनि भइरहेको बताउँछन् । ‘आयश्रोत र पहलको आधारमा विस्तारै कार्यान्वयनमा लैजाने हो’ राउत भन्छन् ‘ प्रदेश सरकारले आफ्नै बजेटले एकचोटीमा सम्पन्न गर्न सक्ने सम्भव छैन, निजी क्षेत्रमा हुने खालका योजनाका पहल जरुरी छ ।’

यता मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका प्रवक्ता बिपिन ठाकुर पनि सबै योजना प्रदेश सरकारले आफ्नै बजेटबाट एकचोटीमा सम्पन्न गर्नसक्ने अवस्था नरहेको बताउँछन् । ‘ठूला परियोजनाहरु छन् त्यसमा विस्तारै काम हुन्छ, केहीमा चालु अवस्थामा रहेका छन भने केहीको डिपीआर तयार भई कार्यान्वयनमा गइसकेको छ’ ठाकुर भन्छन् ‘ बैंकमा समेटिएका योजनाहरु कार्यान्वयका लागि ९/१० वर्ष समयावधि रहेको कारण विस्तारै सबैमा रणनीति अनुसार काम गर्नसकिन्छ ।’

## तोडियो सहनीको ......................................

पुर्वप्रधानमन्त्री नेपालले आन्दोलनरत सहनीको माँग पुरा गराउन आफु हरसम्भव प्रयास गर्ने बताउँदै आउँदो भने ‘ डेढ वर्ष भित्र पुलको निर्माण कार्य सम्पन्न गर्ने लिखित सहमतिको म स्वयम साक्षी रहेको छु । मेरो क्षेत्र भित्र पर्ने यो पुललाई निर्माणका लागि सडक विभागले बदमासी गरे सरकार देखि संसदसम्म आवाज उठाईरहने प्रतिबद्धता गरे ।’

रौतहट क्षेत्र नम्बर २ का प्रतिनिधी सभा सदस्य तथा नेकपा एमालेका नेता किरण साहले रौतहट क्षेत्र नम्बर एक र दुईको सीमा लालबकैया नदीको पुललाई गुणस्तरीय र चाडै निमार्ण गराउन पहल गर्ने प्रतिबद्धता व्यक्त गरे । पुल निमार्णका लागि जनताहरु जागिसकेकोले अब कसैले रोकेर नरोकिने बताउँदै नेता साहले जनताहरुकै कारण नेताहरुमा सदबुद्धि आएको बताए ।

## भारतीय एम्बुलेन्स ......................................

बताएका छन ।

भारतमा चार चक्के गाडीहरु नेपालमा भन्दा तीन गुणा कम मुल्यमा पाईन्छ । त्यसरी किनेका गाडीमा एम्बुलेन्स सेवा मात्र लेखेर सेवा संचालन भइरहेको छ । जानकारहरुका अनुसार एम्बुलेन्स लेखेका भारतीय गाडीहरुको कहिँ कतै दर्ता गरिएको हुदैन कहि कतैबाट स्वीकृति प्राप्त गरेको पनि हुदैन।

भारतको बिहार राज्यको सीमावर्ति शहर रक्सौलका चिकित्सक देखि औषधि व्यवसायी लगायका विभिन्न व्यक्तिले एम्बुलेन्स सेवाको नाममा करछुट गाडी किनेर संचालन गर्दे आएका छन । त्यस्ता एम्बुलेन्सहरु रक्सोलबाट नेपाल प्रवेश गर्दा अथवा वीरगंज बिरामी लिएर आउँदा प्रवेश शुल्क तिर्नु पर्दैन भने खाली प्रवेश गर्दा ५०० रुपैया भन्सार राजस्व बुझाउन पर्छ । कतिपय अवस्थामा एम्बुलेन्स सञ्चालकहरुले नक्कली विरामी गाडीमा राखेर राजस्व नबुझाई नेपालमा प्रवेश गर्दछन् र महिनौंसम्म फिर्ता हुदैनन् । नेपाल छिरेका एम्बुलेन्सहरु नेपालमा बिरामी ओसार्ने काम गरिरहेको हुन्छन् । एमबुलेन्स सेवा भएको कारण प्रहरीले पनि रोक्ने र चेक गर्ने गर्दैनन् । कतिपय अवस्थामा भारतीय एम्बुलेन्सले तस्करीका सामान र लागु औषध समेत ओसार्ने गरेको भेटिएको छ ।

भारतिय एम्बुलेन्स सेवाले सस्तोमा विरामी बोकिदिनाले नेपाली एम्बुलेन्स सेवा घाटामा गएर बन्द गर्नुपर्ने अवस्थामा आएको नेपाल रेडक्रस सोसाईटि पर्सा शाखाका प्रशासकिय अधिकृत राजन श्रीवास्तवले बताएका छन । विगतमा रेडक्रससँग तीन वटा एम्बुलेन्स थिए २ विग्रिएका छन, खर्च अभावले मर्मत गर्न नसकिएको र एउटा मात्र सञ्चालनमा रहेपनि डिजल खर्च र ड्राईभरको तलब दिन पनि रकम अपुग हुने गरेको श्रीवास्तवले बताए ।

वीरगंजमा एम्बुलेन्स सञ्चालन गरेर मानवीय सेवा दिने तीन दर्जन भन्दा बढि समाजिक संघ संस्थाले स्थानिय प्रशासनसँग स्वीकृति लिएर सञ्चालन गरेका थिए । भारतिय एम्बुलेन्सले सस्तोमा विरामी बोकिदिने गरेको कारण केयौं संस्था घाटामा गए कसैले एम्बुलेन्स बिक्रि गरे भने कसैले त्यतिकै थन्काएर राखेका छन। हाल जसरी तसरी खर्च धानेर वीरगंजमा दुई दर्जनको हाराहरीमा नेपाली एम्बुलेन्स सञ्चालनमा छन भने तीन दर्जन भन्दा बढी भारतीय एम्बुलेन्स वीरगंज जतातते बिरामी ओसार्न सक्रिय देखिन्छन् ।

## तराई मधेशको अवस्था ......................................

देखियो ।वनसम्पदाबाट हुने गरेको अत्यधिक दोहन पर्यावरण प्रेमीका निम्ति चिन्ताको विषय बन्नगएको छ । ठूल्ठूल्ला चिरानमिल र इँटाभट्टा चिमनीको स्थापनाबाट पनि हरियो रुख काट्ने गरिन्छ । कतिपय चिमनी त जङ्गल क्षेत्रमै खोलिएका छन् ।

तराईका हराभरा खेत, वन-उपवन, बगैँचा, ठूल्ठूल्ला पोखरी, वनजङ्गल, पर्यटकलाई आकर्षित गर्ने ठूला माध्यम हुन् । पोखरीहरु आवश्यकता परेको बेला सिंचाइको साधन बन्ने गर्दछ । कहिलेकाही यो खानेपानीको स्रोत पनि बन्न पुग्दछ । माछापालनका कारण करोडौं रुपौयाँ आर्जन हन्छ । तराईको जिल्लाहरुमा यस्ता धेरै पोखरी छन् जसको माछा बिक्रीबाट करोडौं रुपैयाँ आर्जन हुन्छ । माछापालन तराईको अर्थतन्त्रलाई बलियो बनाउने ठूलो आधार हुनसक्दछ ।

जनकपुर र लुम्बिनी विश्व प्रसिद्ध धार्मिक तीर्थस्थल हुन् । जनकपुर र लुम्बिनीको विकासको निम्ति एउटा यस्तो गुरुयोजनाको आवश्यकता छ जसबाट भारतको विभिन्न तीर्थस्थलसँग पनि सम्बन्ध एवं सम्पर्क जोड्न सकियोस् । जनकपुरलाई धनुषा, भारतको गिरिजास्थान, मधबापुर, सीतामढीजस्ता महत्वपूर्ण धार्मिक स्थलहरुसँग जोड्न सकिन्छ भने लुम्बिनीलाई पनि भारतको सारनाथ, गया, राजगीर एवं कुशीनगरजस्ता ऐतिहासिक नगरहरुसित जोड्न सकिन्छ । यसको निम्ति नेपाल एवं भारत सरकारबीच गम्भीर विचार विमर्श आवश्यक छ । लुम्बिनीको विकासको निम्ति भारत सरकारबाट प्रस्ताव पनि आएको छ । केही वर्ष अघि भारतका प्रधानमन्त्री नरेन्द्र मोदी तथा तत्कालिन प्रधानमन्त्री केपीशर्मा ओलीको जनकपुर भ्रमण पश्चात अहिले दैनिकहजारौ पर्यटकहरु जनकपुर आउने गरेका छन् । तराईको पर्यटक विकासको निम्ति जनकपुर र लुम्बिनीको विकास आवश्यक छ । नेपाल सरकारको संयुक्त प्रयासबाट मात्रै यो सम्भव हुन सक्दछ । विगतका दिनमा धार्मिक अवसरहरुमा दुवै देशका व्यापारीहरु क्रयविक्रय गर्न मेलामा आउने गर्दथे तर जबदेखि सीमा शुल्क अधिकारीहरुले अत्याधिक लगाउन थाले यस्तो मेलाको महत्वकम भएको छ । तराईका शेष बाक्लो वनजङ्गल पनि पर्यटकहरुलाई आकर्षित .गर्ने माध्यम हो । चितवन राष्ट्रिय निकुञ्जमा बर्सेनि हजारौ पर्यटक आउने गर्दछन् । यहाँ आराम गर्ने साधन तथा सुविधा छ । त्यसैगरी बर्दिया राष्ट्रिय निकुञ्ज, शुक्ला फाँट राष्ट्रिय निकुञ्ज तथाअन्यवन क्षेत्रमा पनिअ राम एवं मनोरञ्जनका साधन जुटाईए विदेशी पर्यटकलाई आकर्षित गर्न सकिन्छ ।

तराईको समृद्धिमा केही सीमित व्यक्ति एवं परिवारकै अधिकार छ । अधिकांश जनता आज पनि गरिबी एवं बेरोजगारीबाट पीडित छन । जीविकोपार्जनकालागि भारतका ठूला शहरहरुको सहारा लिनु पर्ने अवस्था छ । केहीले वैदेशिक रोजगारमा जाने अवसर पाएका छन् । केही मान्छे काठमाण्डौं गएर फल-तरकारी बिक्रीगर्ने, मोचीको कामगर्ने, नाईको काम लगायतका कामगर्ने गरेका छन् । देश सङ्घीयतामा गएपछि प्रादेशीक सरकार हरुले आफ्नो प्रदेशको समग्र विकासमा ध्यान केन्द्रित गर्ने अपेक्षा आमजनताको रहेको छ । सम्भावना र संसाधनले भरिएको तराईको विकासको निम्ति त्यहाँका स्थानीय निकाय र प्रदेश सरकारको अग्रणी भूमिका आवश्यक छ । दक्षिणी छिमेकी भारतको सिमावर्ती बिहार, उत्तरप्रदेश, सिक्किम, पश्चिम बंगाल र उत्तराखण्डको विकासबाट हाम्रा जनप्रतिनिधिहरुले शिक्षा लिनु आवश्यक छ । देश र जनताको हितमा आवश्यक नीतिको तर्जुमा गर्दा, सबैको अनुभव र सफलतालाई मार्गदर्शकको रुपमा लिन सकिन्छ । यसमा संकिर्णता हुनु हुँदैन ।

# यसपटक विद्यार्थीले समयमै पाउलान् पाठ्यपुस्तक ?

काठमाडौँ, ४ फागुन

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ को निर्देशनपछि जनक शिक्षा सामग्री केन्द्रले यस पटक समयमै विद्यार्थीलाई पाठ्यपुस्तक उपलब्ध गराउने लक्ष्यका साथ छपाइ कार्यलाई तीव्रता दिएको छ । आगामी चैत १५ गतेभित्र सबै पाठ्यपुस्तक छपाइ गरेर सम्बन्धित क्षेत्रमा पुर्‍याउने लक्ष्यका साथ दैनिक दुई सिफ्टमा पुस्तक छपाइ भइरहेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको उच्चस्तरीय टोलीले आज जनक शिक्षा समग्री केन्द्रको स्थलगत अनुगमन गरी पाठ्यपुस्तक छपाइको अवस्थाका बारेमा जानकारी लिएको हो ।

केन्द्रले कक्षा ६ देखि १० सम्मको कूल एक करोड ५० लाख पाठ्यपुस्तक छाप्नुपर्नेछ । त्यसमध्ये हालसम्म ७९ लाख थान पुस्तक छपाइ भइसकेको छ । बाँकी रहेको पुस्तक आगामी चैत १५ भित्रै छापिइसकिने छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको उच्चस्तरीय टोली, शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयका सचिव र सञ्चारकर्मीलगायतको टोलीले केन्द्रको छपाइको अवस्था, पाठ्यपुस्तकको गुणस्तरलगायतका विषयमा सूक्ष्म अध्ययन गरेको थियो । केन्द्रका प्रबन्ध निर्देशक अनिलकुमार झाले यस पटक विद्यार्थीले पाठ्यपुस्तक पाएनन् भन्ने गुनासो सुन्नु नपर्ने गरी काम भइरहेको जानकारी दिए । उनले दैनिक दुई सिफ्टमा काम भइरहेको र आवश्यक कामदारदेखि सबै प्रक्रिया मिलाइएको बताए ।

हरेक वर्ष विद्यार्थीले पुस्तक पाएनन् भनेर चौतर्फी गुनासो आउने गरेको थियो । यस पटक त्यो गुनासो नआउने गरी काम गरिरहेका छौँ । एक महिनाका लागि पुग्ने कागज मौज्दात छ । थप कागज आउने क्रममा छ । हामी युद्धस्तरमा काममा लागिपरेका छौँ, उनले भने , प्रधानमन्त्रीको निर्देशनलाई अक्षरशः कार्यान्वयन गर्ने गरी काम भइरहेको छ ।

कक्षा एकदेखि ५ सम्मको पाठ्यपुस्तक छपाइका लागि निजी क्षेत्रलाई जिम्मा दिइएको छ । त्यसका लागि १३ वटा प्रेस तथा छापाखानाको छनोट गरिएको छ । निजी क्षेत्रका छापाखानाले पनि यही फागुनको दोस्रो सातादेखि पुस्तक छाप्ने काम शुरु गर्नेछन् । निजी क्षेत्रलाई पुस्तक छपाइको जिम्मा दिइएको भन्दै यसबीचमा आलोचना पनि भएको थियो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको उच्चस्तरीय टोलीले हरेक दिन छापिएको पुस्तकको विवरण, वितरण केन्द्रमा पठाइएको विवरण तथा छाप्न बाँकी सबै विवरण हरेक दिन उपलब्ध गराउन केन्द्रका प्रबन्ध निर्देशक झालाई निर्देशन दिएको छ ।

एक जना विद्यार्थीले पनि आगामी शैक्षिक शत्रको सुरुआतमा पुस्तक पाइएन भनेर गुनासो गरेको खण्डमा केन्द्रका सम्बद्ध अधिकारीमाथि कारवाही हुने चेतावनीसमेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अधिकारीले दिएका छन् । प्रधानमन्त्री दाहालले यसपटक पाठ्यपुस्तकको समस्या समयमै समाधान गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । प्रधानमन्त्रीमा नियुक्त भएलगत्तै उहाँले सरकारका सबै सचिवलाई एकमुष्ठरूपमा जनताको दैनिक जीवसँग जोडिएका समस्या समाधान गर्न निर्देशन दिएका थिए ।

केन्द्रले हरेक दिन एक लाख ६० हजार पुस्तक बाइन्डिङ गर्ने गरेको छ । त्यसलाई बढाएर दुई लाख बढी पुर्‍याउने लक्ष्य राखिएको छ । अन्य कक्षाका पुस्तक छापिने क्रममा रहे पनि कक्षा ८ को भने यस पटक पाठ्यपुस्तक परिवर्तन भएका कारण छपाइमा समस्या हुने हो कि भन्ने आशङ्का देखिएको छ । त्यस सम्बन्धमा पनि उच्चस्तरीय टोलीले चासो राखेको थियो ।

केन्द्रका प्रबन्ध निर्देशक झाले कुनै पनि गुनासो नआउने गरी छपाइ सम्पन्न गरी पुस्तक उपलब्ध गराउने प्रतिबद्धता जनाए । शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालयका सचिव रामकृष्ण सुवेदीले प्रधानमन्त्रीले नै मन्त्रालयसमेत सम्हाल्नुभएकाले उहाँको बढ्ता चासो रहेकाले कुनै पनि बहानामा पुस्तक छपाइमा तलमाथि गर्न नपाइने स्पष्ट निर्देशन दिए । उनले भने ,यसपटक कुनै पनि बहानाबाजी गर्न पाइने छैन । पुस्तक जस्तो सामान्य विषयमा पनि सधैँ समस्या देखिनु हुँदैन । कुनै पनि बहाना गरेर छुट पाइँदैन । छुट दिइँदैन ।

हरेक वर्ष पुस्तकको विषय राष्ट्रिय महत्त्वको बन्ने गरेको छ । संसदीय समिति, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्रलगायतले चासो राख्दै पुस्तक छपाइ र वितरणमा समस्या देखिएको बताउने गरेका थिए । यसपटक कुनै पनि निकायले प्रश्न उठाउन नसक्ने गरी काम भइरहेको केन्द्रले जनाएको छ ।

यद्यपि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले भने पुस्तकको गुणस्तरमा समस्या रहेको, छपाइमा पनि समस्या देखिएकाले ती समस्या समाधान गर्न केन्द्रको ध्यानाकर्षण गराएको छ । सचिव सुवेदीले भने , प्रधानमन्त्री दाहालको यस विषयमा असाध्यै ठूलो चासो छ । हरेक दिनको विवरण उपलब्ध गराउनुहोला ।रासस

# राजर्षि जनक कप : संकटालाई पराजित गर्दै जावलाखेल फाईनलमा



घनश्याम बलम्पाकी
सर्लाही, ४ फागुण । संकटा क्लवलाई पराजित गर्दै जावलाखेल यूथ क्लव ललितपुर जारी सातौं राजर्षि जनक कप फुटवल प्रतियोगिताको फाईनलका प्रवेश गरेको छ ।

बिहिवार बागमती नगरपालिका-११, स्थित स्वर्गिय सन्तोष श्रेष्ठ स्मृती खेल मैदानमा भएको सेमिफाईनल खेलमा जावलाखेल यूथ क्लव ललितपुर १-० गोल अन्तरले विजयी भएको हो । पहिलो सेमिफाइनल खेलमा जित निकालेको जावलाखेल यूथ क्लव ललितपुरले कम्तिमा उपविजेताको उपाधि ५ लाख सुरक्षित गरेको छ । भने, पराजित हुदै संकटा क्लव उपाधि होडबाट बाहिरिएको छ ।

पहिलो हाफ सम्म बराबरि भएको खेलको ४९ औं मिनेटमा जावलाखेलका सुनिल खड्काले पहिलो गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए । जावलाखेलका हिसुव थपलियाको क्रस पासमा खड्काले गोल गरेका हुन् । दोस्रो हाफ पछि केही सुधारिएको खेल प्रदर्शन गरेको जावलाखेलले केही आकर्षक अवसरहरु सृजना गरे पनि थप गोल भने गर्न सकेन ।

खेलको दोस्रो हाफमा संकटाका खेलाडिहरुले गरेको सशक्त प्रहारको जावलाखेलका गोल रक्षक अनिस देउलाले आकर्षक बचाउ गरेका थिए । निर्धारित ९० मिनेटको खेलमा दुवै तर्फबाट कुनै गोल हुन नसके पछि खड्काको गोल नै निर्णयक बन्यो । टिमको पहिलो गोलमा सपोटेर्ड भुमिका निभाएका हिसुव थपलिया खेलको म्यान अफ दि म्याच घोषित हुदै ट्रफि र १० हजार पुरस्कार प्राप्त गर्न सफल भए । जित सगैँ फाइनलमा प्रवेश गरेको जावलाखेल यूथ क्लव ललितपुरले शुक्रबार हुने दोस्रो सेमिफाइनल खेलका विजेता टोली सगँ विजेता उपाधिका लागि प्रतिस्पर्धा गर्ने छ ।

आयोजक बागमती युवा क्लवका अनुसार शुक्रवारको दोस्रो सेमिफाइनल खेलमा मच्छिन्द्र फुटवल क्लव काठमाण्डै र सुदुरपश्चिम-११, धनगढी विच प्रतिस्पर्धा हुने छ । फागुण ७ गते फाइनल खेल हुने प्रतियोगिताको विजेता टोलीले नगद १० लाख राजर्षि जनक कप र उपविजेता टोलीले नगद ५ लाख प्राप्त गर्ने छन् ।

# खोखो प्रतियोगितामा सहभागी हुन वीरगंज टिम प्रस्थान




मधेशदृष्टि
वीरगंज,४ फागुन ।
भक्तपुर नगरपालिकाको आयोजनामा शुक्रवार देखि हुन लागेको अन्तर नगर पुरुष खो खो प्रतियोगितामा सहभागी हुन वीरगञ्ज महानगरपालिकाको टोली विहिवार त्यस तर्फ प्रस्थान गरेको छ । टोलीलाई महानगर प्रमुख राजेशमान सिंहले टिका लगाएर विदाई गरेका थिए । प्रतियोगितामा सहभागि हुन टिम म्यानेजरसहित १४ जना भक्तपुर लागेका हुन् । टोलीको विदाई गर्दै महानगरप्रमुख सिंहले प्रतियोगितामा विजयी भएर आउन शुभकामना दिनुभयो । भोली देखि ९ गतेसम्म चल्ने प्रतियोगितामा विभिन्न नगरपालिका तथा महानगर गरी १४ वटा टिमले सहभागिताका लागि टिम दर्ता गरेको भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजपतिले जानकारी दिए ।

# "माल्पासले विश्व बैंकको अध्यक्षबाट राजीनामा दिने"

वासिङ्टन, ४ फागुन
विश्व बैंकका अध्यक्ष डेभिड माल्पासले आफ्नो कार्यकाल सकिनु अगावै राजीनामा दिने घोषणा गर्नुभएको छ ।

माल्पासद्वारा बुधबार जारी विज्ञप्तिमा भनिएको छ,विश्वको प्रमुख विकास संस्थाको अध्यक्षको रुपमा सेवा गर्न पाउनु ठूलो सम्मान र सौभाग्यको कुरा हो । विकासशील देशले अभूतपूर्वसङ्कटको सामना गरिरहेको अवस्थामा बैङ्क समूहले नयाँ गति, नवीनता र प्रभावको साथ प्रतिक्रिया दिएको छ ।



माल्पासले चार वर्षभन्दा बढी समय काम गरेपछि विश्व बैंकको आर्थिक वर्षको अन्त्यमा जुन ३० मा पदबाट राजीनामा दिने विश्व बैंकले जनाएको छ । विश्वका १८७ राष्ट्रको समूह विश्व बैंकले गरिबी न्यूनीकरणका लागि विकासशील मुलुकलाई ऋण दिने गरेको छ ।

अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले माल्पासलाई सन् २०१९ मा पाँच वर्षका लागि विश्व बैंकको प्रमुखमा नियुक्त गरेका थिए । सबैभन्दा ठूलो शेयरधारकको रूपमा, संयुक्त राज्य अमेरिकाले परम्परागत रूपमा यसको राष्ट्रपति नियुक्त गर्दछ । माल्पासको कार्यकालमा, सङ्गठनले विश्वव्यापी महामारी र युक्रेनमा रूसको युद्धसहित धेरै सङ्कटहरूको सामना गरेको थियो । विश्व बैंकले माल्पासले यी दुवै को प्रतिक्रियामा वित्तीय क्षेत्रमा उच्च वृद्धि लागू गरेको बताएको छ । उहाँले आर्थिक वृद्धि बढाउने, सरकारी ऋणको बोझ कम गर्ने र गरिबी घटाउन सहयोग गर्ने नीतिमा पनि जोड दिए ।

सीएनएनले उनको कार्यकाल विवादास्पद रहेको जनाएको छ । जीवाश्म ईन्धनले ग्रहलाई तातो बनाइरहेको वैज्ञानिक सहमतिलाई स्वीकार गर्न अस्वीकार गरेपछि माल्पासले पद छोड्नुपर्ने आवाज उठेको महिनौँपछि माल्पासको बहिर्गमन हुनलागेको हो । सिएनएनका अनुसार माल्पासले गत सेप्टेम्बरमा जलवायुसम्बन्धी एक समितिमा जीवाश्म ईन्धन जलाउँदा खतरनाक तरिकाले ग्रहलाई तातो बनाइरहेको वैज्ञानिक सहमतिलाई स्वीकारेका थिए कि थिएन भन्ने पुष्टि गर्न अस्वीकार गरेपछि उहाँले जलवायु अभियन्ताको आलोचनाको सामना गर्नुपरेको थियो ।

यसैबीच, ट्रेजरी सेक्रेटरी जेनेट येलेनले माल्पासलाई उहाँको सेवाको लागि धन्यवाद दिँदै भने हामी सबैले जलवायु परिवर्तनविरुद्धको लडाइँमा हाम्रो सामूहिक महत्वाकङ्क्षालाई बढाउने कार्य जारी राख्नुपर्छ तर अध्यक्ष माल्पासको कार्यकालमा विश्व बैंकले हालै यस क्षेत्रमा महत्वपूर्ण प्रगतिहरू गरेको छ ।

रुसको गैरकानुनी र अकारण आक्रमणको सामना गर्दै युक्रेनलाई उहाँको बलियो समर्थन, अफगान जनतालाई सहयोग गर्ने काम र कम आय भएका देशहरूलाई ऋण कटौतीमार्फत ऋण स्थिरता हासिल गर्न मद्दत गर्ने उहाँको प्रतिबद्धताबाट विश्वले फाइदा उठाएको छ, उनले भने । यो बहिर्गमनले बाइडेन प्रशासनलाई विश्व बैंकको नयाँ प्रमुख नियुक्त गर्न अनुमति दिन्छ । अमेरिकाले परम्परागत रूपमा विश्व बैंकको अध्यक्ष छान्न पाउँछ, जुन पाँच वर्षको पद हो । युरोपेली सङ्घले अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रमुख चयन गर्ने प्रचलन छ । (रासस/एएनआई)

# विश्वको समुद्री ताप उच्च विन्दुमा : अध्ययन



बेइजिङ, ४ फागुन
सन् २०२२ मानव इतिहासकै सबैभन्दा तातो वर्ष भएको छ । यसले विश्वका समुद्रको तापमानमा नयाँ रेकर्ड कायम गरेको एक अध्ययनले देखाएको छ ।

अन्तर्राष्ट्रिय जर्नल एडभान्सेज इन एटमोस्फेरिक साइन्समा प्रकाशित भएको चीन, संयुक्त राज्य अमेरिका र इटालीका १६ वटा इन्स्टिच्युटका २४ जना वैज्ञानिकको टोलीले गरेको अध्ययनले सामुद्रिक तापमानमा उच्च वृद्धि भएको देखाएको हो । सन् २०२१ को तुलनामा पृथ्वीको महासागरको माथिल्लो दुई हजार मिटरको माथिल्लो भागले ठूलो मात्रामा ताप सोसेको छ । यो तापक्रमले १.५ लिटर पानी भएका ७० करोड केटल उमाल्न पर्याप्त हुन्छ, अध्ययनका लेखक तथा चाइनिज एकेडेमी अफ साइन्सेजअन्तर्गतको इन्स्टिच्युट अफ एटमोस्फेरिक फिजिक्सका अनुसन्धाता चेङ लिजिङले भने । विश्वव्यापी तापको ९० प्रतिशतभन्दा बढी महासागरमा समाप्त हुने भएकाले जलवायु परिवर्तनको मापनका लागि महासागरीय तापक्रम वृद्धि एक प्रमुख सूचक हो । समुन्द्रभित्र गर्मी बढ्नु नै ग्लोबल वार्मिङको थप प्रमाण भएको वैज्ञानिकको विश्वास छ । सन् २०१७ देखि हरेक वर्ष समुद्री तापक्रम वृद्धिको रेकर्ड तोडिएको छ ।

विश्वव्यापी तापक्रम वृद्धिका लागि महासागरको ढिलो प्रतिक्रियाका कारण समुद्रको तापक्रमको प्रवृत्ति दशकौँसम्म कायम रहने चेङले उल्लेख गरे । उनले भने , तापमानको अलावा, अध्ययनले समुद्रको पानीको लवणताको पनि गणना गरेको थियो । अध्ययनले उच्च नूनिलोपन भएका क्षेत्रमा लवणतामा थप वृद्धि भएको देखाएको छ । यद्यपि कम नूनिलो भएको क्षेत्रमा नतिजा ठीक विपरीत छ । 'लवणमा थप नूनिलोपन थपिन्छ भने ताजा पानी भएको क्षेत्र थप ताजा हुन्छ' भन्ने प्रवृत्ति पनि सन् २०२२ मा रेकर्डकै उच्चस्तरमा पुगेको छ । अध्ययनले देखाएको छ ।

अध्ययन अनुसार महासागरमा हुने तापक्रम वृद्धिले समुद्रको सतह बढाउँछ र शक्तिशाली आँधी र तुफानको रूपमा अधिक उग्र मौसमलाई निम्त्याउँछ । तिनीहरू कार्बन अवशोषित गर्न पनि कम कुशल हुन्छन्, जसले गर्दा अधिक मानव-उत्सर्जित कार्बन डाइअक्साइड वायुमण्डलमा रहन्छ र यसले विश्वव्यापी तापक्रमलाई बढाउँछ ।

समुद्रको ताप र लवणतामा हुने परिवर्तनको बारेमा राम्रो जागरूकता र ज्ञान जलवायु परिवर्तनसँग जुध्ने कार्यको लागि एक आधार हो, चेङले अध्ययनको महत्वको व्याख्या गर्दै थपे । वैज्ञानिकले चिनियाँ संस्थान र अमेरिकी राष्ट्रिय महासागरीय तथा वायुमण्डलीय प्रशासनले गत वर्ष रेकर्ड गरेको समुद्री तथ्याङ्क पनि अध्ययनमा सार्वजनिक गरेका छन् । (रासस/सिन्ह्वा)

# बङ्लादेशमाथिको प्रतिबन्ध कायमै रहने अमेरिकी भनाइ

ढाका , ४ फागुन
गैरन्यायिक हत्याको आरोप लागेको बङ्गलादेशको एक विशिष्ट प्रहरी इकाइमा सुधार नभएसम्म अमेरिकाले प्रतिबन्ध नहटाउने अमेरिकाले जनाएको छा



विदेश मन्त्रालयका डेरेक चोलेटले यसै साता दक्षिण एशियाली देशको भ्रमण गरेका थिए । उनले ढाकामा सरकारी प्रतिनिधिहरूसँग सुरक्षा सहयोगका बारेमा छलफलसमेत गरेका थिए ।

वासिङ्टनले मानव अधिकार उल्लङ्घन गरेको आरोपमा र्‍यापिड एक्सन बटालियन (आरएबी) माथि प्रतिबन्ध लगाएपछि बङ्गलादेशको भ्रमण गर्ने सबैभन्दा वरिष्ठ अमेरिकी अधिकारीमध्ये उहाँ एक छन ।

यदि कहीं कतै लोकतन्त्रमा समस्या आयो भने यसले हामी सबै मिलेर के गर्न सक्छौँ भन्ने कारण खोज्नु जरूरी छ, चोलेटले बुधबार आफ्नो भ्रमणको समापनमा भने ।

हामी बङ्गलादेशलाई कानून र सुरक्षाको शासनलाई मजबुत बनाउन निरन्तर सहयोग गर्न प्रतिबद्ध छौं, उनले भने ।उनले भने जबसम्म हामी जवाफदेहिता देख्दैनौं, हामी दिगो सुधार गर्न सक्दैनौं ।ढाका र वासिङ्टनबीच सामान्यतया न्यानो सम्बन्ध छ । उनीहरूले सुरक्षाका मुद्दाहरूमा सहयोग गर्छन् र बङ्गलादेशले प्रायःसंयुक्त राष्ट्रसङ्घमा संयुक्त राज्य अमेरिकाको पक्षमा मतदान गर्दछ । संयुक्त राज्य अमेरिका र अन्य पश्चिमी सरकारहरूले बङ्गलादेशको राजनीतिक वातावरणप्रति चिन्ता व्यक्त गरेका छन् । प्रधानमन्त्री शेख हसिनाको पार्टीको विधायिकामा हावी भएका कारण बङ्गलादेशको संसदमा सोही दलको एक पक्षीय निर्णय हुँदा प्रजातान्त्रिक मूल्य मान्यतालाई प्रभावित पार्ने गरेको छ ।

अधिकारवादी समूहका अनुसार सन् २००९ मा हसिना सत्तामा आएयता सुरक्षा फौजले करिब दुई हजार ५०० बङ्गलादेशी नागरिकको हत्या गरिसकेको छ । आरएबीलाइ' अधिकारवादी समूहहरूले राजनीतिक विरोधीहरूको हत्या गरेको र पीडितहरूलाई उचित कानुनी प्रक्रियाबाट बञ्चित गर्न गोली हानाहान गरेको आरोप लगाएका छन् ।

सरकारले बेपत्ता र गैरन्यायिक हत्याको आरोपलाई अस्वीकार गर्दै आएको छ भने एक मन्त्रीले वेपत्तामध्ये केही बङ्गलादेशबाट भागेको बताएका छन । सन् २०२१ को डिसेम्बरमा लगाइएको अमेरिकी प्रतिबन्धमा सात जना बहालवाला वा पूर्वआरएबी अधिकारीहरूको सम्पत्ति रोक्का र भिसा प्रतिबन्ध समावेश छ ।

चोलेटले ढाकामा हसिनासँग भेट गरेका थिए भने पाकिस्तानको औपचारिक भ्रमणसँगै बिहीबार आफ्नो दक्षिण एसिया भ्रमणको समापन गर्दै छन । (रासस/एएफपी)

# नेपालले स्कटल्याण्डसँग खेल्ने

काठमाडौं, ४ फागुन
आइसिसी ९अन्तर्राष्ट्रिय क्रिकेट परिषद्० विश्वकप क्रिकेट लिग २ अन्तर्गत त्रिकोणात्मक एकदिवसीय शृंखलाअन्तर्गत नेपालले शुक्रबार स्कटल्याण्डसँग खेल्ने भएको छ । कीर्तिपुरस्थित त्रिवि मैदानमा शुक्रवार हुने खेलमा घरेलु टोली नेपालले स्कटल्याण्डलाई पराजित गर्ने सौँचका साथ मैदानमा उत्रनेछ । यसो त आइसिसी क्रिकेट विश्वकप लिग २ को विजेता बनिसकेको स्कटल्याण्डलाईहराउननेपाललाई त्यति सहज भने हुने छैन । कीर्तिपुरखेल मैदानमा बुधबार भएको खेलमा स्कटल्याण्डले नामिबियालाई १० विकेटको फराकिलो अन्तरले पराजित गर्दै लिग २ को विजेता बनेको थियो । स्कटल्याण्ड आफ्नो ३ खेल बाँकी छँदै विजेता बन्न सफल भएको हो । यसअघि यही फागुन २ गते भएको नामिबियाविरुद्धको पहिलो खेलमा नेपालले ऐतिहासिक सफलता हासिल गरेको थियो । यसकारण पनि स्कटल्याण्डलाई पराजित गर्ने नेपालको लक्ष्य रहेको छ । नेपाली क्रिकेट टोलीका मुख्य प्रशिक्षक मोन्टी देशाईंको प्रशिक्षणमा नेपाललले पहिलो पटक नामिबियालाई हराएको थियो । नेपालले नामिबियामाथि दुई विकेटले पराजित गर्दै एतिहासिक सफलता हासिल गरेको हो ।

लिग २ को शीर्ष स्थानमा रहेको स्कटल्याण्ड ३३ खेलमा २३ मा जित र आठ खेलमा हार बेहोरेको छ । स्कटल्याड ४८ अङ्कका साथ शिर्ष स्थानम छ । स्कटल्यान्डले अब नेपालसँग दुई र नामिबियासँग एक गरी कूल तीन खेल खेल्न बाँकी छ । बाँकी सबै खेलमा पराजित भए पनि स्कटल्यान्ड शीर्षस्थानमा रहनेछ । उसलाई अब कुनै पनि टोलीले पछि पार्न सक्दैनन् । त्यस्तै लिग-२ मा नेपालले अब ११ खेल्न बाँकी छ । २५ खेलमा नौ मा जित र १४ खेलमा मा हार बेहोरेको नेपाल २० अङ्कसहित अङ्क तालिकाको छैटौँ स्थानमा छ । एकदिवशीय मान्यता पाएका विभिन्न सात एशोसिएट राष्ट सहभागी लिग २ मा एउटा टोलीले ३६ खेल खेल्नेछन् । नेपालाई एकदिवशीय मान्यता बनाई रहन पनि अबका बाँकी खेल जित्नैपर्ने दबाब छ । नेपालले सन् २०१८ को मार्चमा भएको एक दिवशीय विश्वकप छनोट प्लेअफमा पपुवा न्यूगिनीलाई पराजित गरी पहिलोपल्ट एकदिवसीय अन्तर र्ष्ट्रिय मान्यता पाएको थियो । रासस

# एयरबस चार अर्ब बीस करोड युरो खुद नाफा कमाउन सफल

टूलूस, ४ फागुन
युरोपेली विमान निर्माता कम्पनी एयरबसले आपूर्ति शृ्ंखलाको समस्याका कारण उत्पादन बढाउने क्षमतामा कमी आए पनि सन् २०२२ को नाफा कीर्तिमानी स्तरमा पुगेको जनाएको छ । एयरबसले गत वर्ष ६६१ वटा विमान ग्राहकलाई हस्तान्तरण गर्ने योजना बनाए पनि खुद नाफा एक प्रतिशतले बढेर चार अर्ब २० करोड युरो (चार अर्ब ५० करोड अमेरिकी डलर) पुगेको छ । महामारीको समयमा एयरलाइन्सहरू यात्रा प्रतिबन्धका कारण अधिकांश उडानहरू रोक्न बाध्य भएका समय एयरबसले उत्पादन कटौती गरेको थियो । कम्पनीले चाँडै महामारीका समय परेको आर्थिक बोझलाई सन्तुलित गर्ने विश्वास गरेको छ । विश्वभर यातायात सेवामा सुधार भइरहेको र एयरलाइन्सले उच्च ईन्धनको मूल्यलाई ध्यानमा राख्दै ईन्धन-कुशल विमानको खरीद बढाउन खोजिरहेको छ । एयरबसका प्रमुख कार्यकारी गुइलाउम फाउरीले भने ,प्रतिकूल सञ्चालन वातावरणका बावजुद हामीले हाम्रो आपूर्ति श्रृखंलालाई हामीले अपेक्षा गरेको गतिमा सुधार गर्नबाट रोकेको र ठोस वित्तीय विश्वास प्रदान गरेका छौं । एयरबससँग १० हजारभन्दा बढी आपूर्तिकर्ताहरू छन् । जसमध्ये केहीलाई महामारीको समयमा कर्मचारीहरू छोडेपछि उत्पादन बढाउन समस्या भएको थियो । कच्चा माल प्राप्त गर्न बाधा भएको र युक्रेनको रूसी आक्रमण पनि आर्थिक जटिलताको कारक बनेकको कम्पनीले जनाएको छ । सुरुमा योजना गरिएको भन्दा कम व्यावसायिक विमान डेलिभरी भएपछि कम्पनीले आफ्नो सञ्चालनलाई सोही अनुसार समायोजन गर्नुपरेको छ, उनले बताए । एयरबसले सन् २०२३ मा ७२० वटा विमानलाई बजारमा ल्याउने लक्ष्य राखेको छ ।विमान कम्पनीको बिक्री १३ प्रतिशत बढेर ५८.९ बिलियन यूरो पुगेको छ । यसले गत वर्ष अमेरिकी डलरको शर्क्ति वितरित विमानहरूको संख्या वृद्धिलाई प्रतिबिम्बित गर्दछ । (रासस/एएफपी)



सन्त रामपालजी महाराजको बोध दिवसमा प्रदेश सभा सदस्यहरु, सशस्त्र प्रहरीका डि.आई.जी. को उपस्थितिमा तीन नव जोडीहरुको सामुहिक रमैणी विवाहको आयोजनको दृश्य। - *तस्विर : मधेशदृष्टि*

# मधानी महायज्ञको सम्पुर्ण तयारी पूरा

## उपराष्ट्रपति पुनद्वारा आज उद्घाटन

मधेशदृष्टि
रौतहट ४ फागुन।





रौतहटको मौलापुर स्थित पुरातात्त्विक महादेव मंदिरमा हुने मधानी महायज्ञको तयारी पूरा भएको आयोजक मौलापुर नगरपालिकाले जनाएको छ।

शुक्रवार फाल्गुन ५ गते देखि सुरुहुने मधानी महायज्ञ विशेष समारोह को तयारी पुरा भएको नगरपालिकाले जनाएको हो।

पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले मौलापुर नगरपालिकाले मधानी महायज्ञको आयोजना गर्दै आएको छ।

मौलापुर नगरपालिकाकी नगरप्रमख रिनाकुमारी साहले आज पुरातात्त्विक महादेव अद्भभुतनाथ मन्दिर परिसरमा सञ्चारकर्मी संग कुरागर्दै मधानी महायज्ञ विशेष समारोह को तयारि पुरा भएको जानकारी दिएकी छन।

महायज्ञको अवसरमा भगवान शिवको विशेष पुजा अनुष्ठान, मौलापुर भुमि पुजन ,अस्टयाम , महायज्ञका साथै सांस्कृतिक कार्यक्रम तथा कुस्तीको आयोजना हुने मेयर रिना कुमारी साहले बताईन्। फागुन ५ गते मधानि महायज्ञको मुल उद्धाटन उपराट्रपति नन्दबहादुर द्वारा गरिने मेयर साहले बताईन।

उक्त अवसरमा विभिन्न राजनीतिक दलका नेताहरु , प्रतिनिधिसभा सदस्यहरु , मधेश प्रदेश सभाका सदस्यहरु तथा विभिन्न पालिकाका प्रमुख , उपप्रमुख लगायत लाई आमन्त्रण गरिएको आयोजक मौलापुर नगरपालिकाले जनाएको छ। महायज्ञको अवसरमा हुने धार्मिक गतिविधि का साथै आयोजकले विभिन्न सांस्कृतिक कार्यक्रम को ब्यवस्था गरेको छ। सांस्कृतिक कार्यक्रममा नेपालका सिने जगतका महानायक राजेश हमाल लगायत रास्ट्रीय स्तरका चर्चित कलाकारहरु , भारतिय चर्चित भोजपुरी नायक पवन सिंह, नायिका काजल राघवानी, भोजपुरी गायिका ईन्दु सोनाली एवं अन्य चर्चित कलाकारहरुको प्रस्तुति रहने मौलापुर नगरपालिकाका नि.प्रमुख प्रशासकीय अधिकृत रामबाबु साहले जनाकारी दिए। सप्ताहदयापि हुने समारोहमा अन्तराट्रियस्तरको कुस्ती प्रतियोगिता,ब्यापारी , खेल तमासा व्यवसायीहरुबाट आयोजकले कुनै पनि किसिमको शुल्क नलिने पनि अधिकृत साहले बताएका छन्। बि.स.२०५८ सालमा मौलापुर नगरपालिका ५ पतौरा गाउँ छेउमा जग्गा उत्खननको क्रममा मंदिरको आकृतिमा पुराना ईंटाहरु फेलापरेको थियो।

त्यसपछि स्थानीयको पहलमा पुरातत्त्व बिभाग काठमाडौको टोलि आएर उक्त मंदिरको निरिक्षण गरेको थियो। तर खासै उपलब्धि भएन संरचना जस्ताको त्यस्तै छोडिएको थियो।माओवादी सशस्त्र द्वन्द्व पछि नेकपा माओवादी सरकारमा आउँदा तत्कालीन संघीय सांसद प्रभु साहको पहलका मंदिर निर्माणको योजना संगै राष्ट्रिय अन्तर्राष्ट्रिय पुरातत्त्व बिदले चासो लिएका थिए। २०७६ सालको स्थानीय निर्वाचनमा मौलापुर नगरपालिकामा मेयर पदमा रिनाकुमारी साह बिजयी भएपछि गाउँलेहरुको सल्लाह अनुसार उक्त पुरातात्त्विक महादेव मंदिरको निर्माण भएको थियो।

लोप हुंदैगएको मधानी महायज्ञको संरक्षण पर्यटन विकास तथा धार्मिक सांस्कृतिक विकासको लागि पुर्व मन्त्री प्रभु साहको सल्लाह अनुसार मौलापुर महादेव मंदिरमा तिनबर्ष अघिदेखि मधानी महायज्ञ लाई महोत्सवको रूपमा मनाउन सुरुभएको थियो। पहिलो बर्ष रास्ट्रपति बिधादेवी भण्डारी ,दोस्रोबर्ष एमालेका बरिस्ठ नेता ईश्वर पोखरेल र यसपटक उपराष्टपति नन्द बहादुर पुनले मधानी महोत्सवको उदघाटन गर्दैछन। महोत्सवको अवसरमा मौलापुरमा एकसाता सम्म लाग्नेमेलामा पर्सा,बारा,रौतहट ,सर्लाहीका साथै सिमावर्ती भारतिय क्षेत्र बाट लाखौं मानिस आउने गर्दछन।

यसपटक महोत्सवमा अवलोकन गर्न १० लाख मानिस आउने आयोजक मौलापुर नगरपालिकाले लक्ष्य लिएको छ। मेलामा आउने भक्तजनको लागि आयोजकले खाना,पानीको निशुल्क ब्यवस्था गरेको छन। मेलामा आउने भक्तजनको सुरक्षार्थ नेपाल प्रहरी ,सशस्त्र प्रहरी ,ट्राफिक प्रहरीका साथै ठुलो संख्यामा स्वंयशेवक परिचालन हुने मौलापुर नगरपालिकाले जनाएको छ।

# वीरगंजलाई हराभरा र सुन्दर बनाउने काम भइरहेको महानगर प्रमुख सिंहको भनाई

मधेशदृष्टि
वीरगंज,४ फागुन।



वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले महानगरलाई हराभरा र सुन्दर बनाउने काम भइरहेको बताएका छन।

महानगरका विभिन्न स्थानमा रहेका खाली जग्गामा वृक्षरोपण गरेर हराभरा बनाउनेतर्फ महानगर लागिपरेको प्रमुख सिंहको भनाई छ। रुख रोप्नु मात्रै नभएर त्यसको संरक्षणका लागि पनि महानगरले योजना बनाएको उहाँले बताउनु भयो। वीरगञ्ज महानगरपालिकाले आयोजना गरेको वन वातावरण तथा वन उद्यम सम्बन्धी २ दिने अभिमुखीकरण कार्यक्रमको समापन समारोहलाई सम्बोधन गर्दै मेयर सिंहले वातावरण संरक्षणका लागि वृक्षरोपण गर्नुपर्ने आवश्यक्ता औंल्याए। अभिमुखीकरणमा प्रशिक्षण दिंदै वातावरण संरक्षण र गरिबी निवारणका लागि वनको विस्तार गर्नुपर्ने डिभिजन वन कार्यालय पर्साका सहायक वन अधिकृत फर्मान मियाँले बताए। मियाँले वनमार्फत समृद्धि हाँसिल गर्न सकिने धारणा राखेका थिए। समृद्धिका लागि वन परियोजना अन्तर्गत वीरगञ्ज महानगरपालिकाका ३२ वटै वडाका वडाअध्यक्ष एवम् सचिवहरुको लागि आयोजित अभिमुखीकरणका अवसरमा मियाँले जलवायु, मौसम र वातावरणका बारेमा प्रकाश पारेका थिए। तापक्रम, वर्षा र वायु चाप नै मौसम र जलवायुका मापदण्ड भएको उनले बताए। हरित गृह ग्यासको उत्सर्जन र यसले पार्ने प्रभावसँगै वनमार्फत यसलाई न्युनिकरण गर्न सकिने बारेमा पनि उनले जानकारी गराए। औद्योगिकरण, सवारी साधन, फोहोर, वन विनाश आदिका कारण हरित गृह ग्यासको उत्पादन बढ्दै गएकोप्रति उनले चिन्ता व्यक्त गरे। साथै पृथ्वीको सुरक्षाका लागि रुख रोप्नुको विकल्प नरहेको पनि उनले बताए। मियाँका अनुसार नेपालसँग १२ लाख मेट्रिक टन कार्वन उत्सर्जन गर्ने क्षमता छ। अभिमुखीकरणमा वन प्राविधिक दशरथ रौनियारले पनि वनमा आधारित उद्यमका बारेमा जानकारी गराएको थियो। वनमा आधारित उद्यम सञ्चालनका लागि बैंक एवम् वित्तिय संस्थाबाट ऋण लिँदा ९ प्रतिशत भन्दा बढी ब्याज लिन नमिल्ने पनि उनले जानकारी गराए।

# अवैध प्याथोलोजी सेन्टर छ्यापछ्याप्ती

मधेशदृष्टि, वीरगंज,४ फागुन।

वीरगञ्ज महानगरपालिका वडा नम्बर ८ पानीट्याङ्की क्षेत्रमा सञ्चालित अधिकांश प्याथेलोजी सेन्टर स्वीकृति नलिई सञ्चालनमा रहेको पाइएको छ।

वीरगञ्ज महानगरपालिकाद्वारा गठित स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण समितिले प्याथोलोजी सेन्टरहरुको अनुगमन गर्ने क्रममा स्वीकृति नलिई सञ्चालनमा रहेको पाईएको हो। वीरगंजको पानीटंकीमा रहेको सिटी डाइग्नोष्टिक सेन्टरले स्वीकृति नलिई प्याथोलोजी सञ्चालन गर्नुको साथै म्याद गुज्रेका केमिकल तथा औषधी प्रयोग गर्ने गरेको पाइएको अनुगमन समितिका संयोजक एवं वडा नम्वर १८ का वडाध्यक्ष उमाशंकर तिवारीले जानकारी दिए। यस्तै नेहा फार्मेसी, जय बजरंग प्याथोलोजी, ओम प्याथोलोजी सेन्टर पनि मापदण्ड विपरीत सञ्चालनमा रहेको पाइएको वीरगंज महानगरपालिकाका स्वास्थ्य शाखा प्रमुख रितेश जयस्वालले बताए।

जीवन दीप एक्स रे पनि विना दर्ता नै सञ्चालनमा रहेको अनुगमनको क्रममा फेला परेको छ। अनुमति नलिई सञ्चालनमा रहेका प्याथालोजी तथा एक्स रे सेन्टरलाई स्वीकृति नलिएसम्म बन्द गर्न निर्देशन दिएको छ। प्याथलोजी सेन्टरहरुले नागरिकको स्वास्थ्यमा खेलवाड गरिरहेको र विना दर्ता नै संचालनमा रहेको भन्ने सूचना आएपछि अनुगमन गरिएको वीरगञ्ज महानगरपालिकाले जनाएको छ।

# वीरगंजका विभिन्न घटनामा आठ जना पक्राउ

मधेशदृष्टि
वीरगंज,४ फागुन।

पर्सा प्रहरीले वीरगञ्ज महानगरपालिका वडा नम्बर १६ स्थित डाँफे होटलबाट ४ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा सर्लाही लालबन्दी नगरपालिका वडा नं ८ बस्ने बर्ष १९ को राजु मन्सारी, सोही ठाउँ बस्ने बर्ष २० का राजु रानामगर, बर्ष १९ का विशाल मोक्तान र धादिङ गजुरी नगरपालिका वडा नं २ बस्ने बर्ष २० का अजय तामाङ रहेका छन्। वीरगञ्जको बसपार्कस्थित डाँफे होटलमा संकास्पद व्यक्तिहरु बसिरहेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पर्सा मातहतको प्रहरी चौकी बसपार्कबाट खटिएको प्रहरी टोलीले जाँच गर्दा ४ जना अभियुक्तको साथबाट डाइजेपाम-५० एम्पुल, नुरफिन-५० एम्पुल, फेनारगन-५० एम्पुल गरी जम्मा १५० एम्पुल प्रतिबन्धित लागु औषध फेला परेको पर्साका प्रहरी प्रवक्ता एवम प्रहरी नायव उपरिक्षक दीपक गिरीले जानकारी दिएका छन।

उनीहरुको साथबाट लागु औषध गाँजा समेत फेला परेको प्रहरी नायव उपरिक्षक गिरीले बताए। पक्राउ परेका ४ जनालाई लागु औषध सम्वन्धी अपराधमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

यसैगरी पर्सा प्रहरीले नक्कली सुन देखाइ ठगी गर्ने ४ जना अभियुक्तहरुलाई नियन्त्रणमा लिएको छ। पक्राउ पर्नेमा सर्लाहीको बरथवा नगरपालिका वडा नम्बर १० बस्ने ३१ वर्षीय रामविर चौधरी, वडा नम्बर ६ का ४५ वर्षीय लालबाबु राय यादव, वडा नम्बर १८ का ३८ वर्षीय राकेश कुर्मी र वडा नम्बर १७ का २७ वर्षीय अवधेश कुमार राय रहेका छन्।

जिल्ला प्रहरी कार्यालय पर्साबाट प्रहरी निरीक्षक प्रज्जवल थपलीयाको कमाण्डमा खटिएको प्रहरीले टोलीले उनीहरुलाई नियन्त्रणमा लिएको हो। वीरगञ्ज महानगरपालिका वडा नम्बर १५ स्थित हिमालयन होटल अगाडी सडकखण्डमा बीआर ३१ पी ०६४९ नम्बरको स्कारपियो गाडीमा ३/४ जना व्यक्तिहरूले सर्वसाधारणलाई बिना बिल सुन जस्तो देखिने पहेलो धातु देखाइ विक्री गर्न लागेको भन्ने सूचना पाएलगतै उनीहरुलाई नियन्त्रणमा लिएको पर्साका प्रहरी प्रवक्ता एवम प्रहरी नायब उपरीक्षक दिपक गिरीले जानकारी दिएका छन।

प्रहरीले उनीहरुको साथबाट बिस्कुट आकारको १ किलो लेखिएको नक्कली सुन फेला परेको र उक्त सुनलाई वीरगञ्ज सुन चाँदी व्यवसायी संघ माईस्थानमा परीक्षण गराउँदा जलप भएको पहेलो धातु रहेको पाईएको उहाँले बताउनुभयो। पक्राउ परेका ४ जनालाई ठगी सम्बन्धी कसूरमा पर्सा जिल्ला अदालतबाट म्याद लिई थप अनुसन्धान भैरहेको प्रहरीले जनाएको छ।





मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल